का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ चैत २०८१,
बुधबार
9 April, 2025
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ६६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# गभर्नर नियुक्तिमा उदासीनता
## सिफारिस समिति निरीह




गभर्नर चयनमा दलहरूले गम्भीरता नदेखाउँदा अर्थतन्त्र सुधारका लागि दलहरू गम्भीर छैनन् भन्ने सन्देश गएको छ

**छबि सापकोटा / मध्यान्ह**
काठमाडौं, २६ चैत ।

सत्ता गठबन्धन दलमा नै नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिको भाडबन्डा नमिल्दा नेपाल राष्ट्र बैंक कायम मुकायम गभर्नरकै भरमा छाडिएको छ । डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिनालाई कार्यबाहकको जिम्मेवारी दिएर सरकार गभर्नर नियुक्ति प्रक्रियालाई नै लम्ब्याउने रणनीतिमा देखिन्छ ।

महाप्रसाद अधिकारी शुक्रबारदेखि नै राष्ट्र बैंकबाट बिदा भए पनि उनको स्थानमा नयाँ गभर्नर नियुक्तिका लागि सरकारभित्रै सकस बनेको छ । प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा गभर्नर छनोटमा आ-आफ्ना अडानमा रहँदा गभर्नर चयन प्रक्रिया नै रोकिएको हो ।

सरकारले गभर्नर छनोट गर्न नसक्दा राष्ट्र बैंक गभर्नरविहीन बन्न पुगेको हो । सरकारले गभर्नर छनोट गर्नका लागि अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा अर्थशास्त्री डा. विश्व पौडेल र पूर्वगभर्नर विजयनाथ भट्टराईसहितको समिति बनाए पृष्ठ २ मा

## सत्तालाई राप्रपाको खबरदारी



**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बाग्मती प्रदेशस्तरीय बृहत् प्रदर्शन तथा खबरदारी सभा गरेको छ । मंगलबार काठमाडौंको बल्खुमा भएको खबरदारी सभालाई पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङसहितका केन्द्रीय नेताहरूले सम्बोधन गरे ।

सम्बोधनका क्रममा अध्यक्ष लिङ्देनले आफ्ना पार्टीका नेताहरूलाई फरक मत राखेकै कारण जेल हालिएको भन्दै आक्रोश व्यक्त गरे । उनले भने, 'राजा चाहिन्छ भनेकै आधारमा थुन्ने पृष्ठ २ मा

# आईजीपी थापालाई पहिलो गाँसमै ढुंगा

घटनाको समग्र अवस्था हेर्दा आन्दोलनकारीको उच्छृंखलता त छँदै थियो, प्रहरी प्रशासनको समेत कमजोरीलाई नकार्न सकिन्नँ



**सर्वेन्द्र खनाल**
पूर्व प्रहरी महानिरीक्षक

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २६ चैत ।

नेपाल प्रहरीका महानिरीक्षक (आईजीपी) दीपक थापाले मुलुकको शान्ति सुरक्षाको जिम्मेवारी लिएको १० दिनमै काठमाडौंको मध्य शहर तीनकुनेमा हिंसात्मक घटना भयो । पूर्वराजा ज्ञानेन्द्र शाहका पक्षधरले गरेको आन्दोलन एकाएक हिंसात्मक बन्दा आईजीपी थापाको व्यवस्थापकीय पक्ष कमजोर रहेको आरोससहित उनलाई 'अक्षम आईजीपी'को पगरी गुथाइएको छ ।

४ चैतमा आईजीपीको नियुक्ति लिएका थापाले ५ चैतदेखि ३१औं प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेका थिए । उनी प्रहरी प्रमुख भएपछि गत १५ चैतमा एकै दिन २ वटा ठूला राजनीतिक आन्दोलनका कार्यक्रम भएका थिए ।

काठमाडौंको तीनकुनेमा राजसंस्था पुनर्स्थापनाको आह्वानसहित 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'का संयोजक दुर्गा प्रसाईंको नेतृत्वमा आन्दोलन भएको थियो । उता, राजावादीलाई 'काउन्टर' दिने नाममा भृकुटीमण्डपमा प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)समेत रहेको ४ दलीय समाजवादी मोर्चाले सभाको आयोजना गरेको थियो । २ वटै कार्यक्रमका लागि पृष्ठ २ मा

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न चैत २९ गते हुने चिर्वाचन सन्दर्भमा जारी गरिएको
विशेष विज्ञप्ति

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र कार्यसमितिको तर्फबाट भुवनसिंह गुरुङको नेतृत्वमा उम्मेदवारी घोषणा भइसकेको छ । जसअनुसार, लोकतान्त्रिक एशोसिएसनमा आबद्ध सम्पूर्ण व्यवसायी मित्रहरूलाई भुवनसिंह गुरुङ समूहको सम्पूर्ण उम्मेदवारहरूलाई विजयी गराउन नेपाली कांग्रेस पार्टीबाट समेत निर्देशन भइसकेको छ । यसर्थ पनि, नेपाली कांग्रेस समर्थक शुभचिन्तक सम्पूर्ण व्यवसायीहरूलाई यो पनि स्पष्टरूपमा जानकारी गराउन चाहन्छौं कि, लोकतान्त्रिक एशोसिएसनको आधिकारिक निर्णय विपरीत अन्य गुट, उपगुट वा स्वतन्त्र उम्मेदवारको रूपमा कांग्रेस सम्बद्ध उम्मेदवार हरूकै विपक्षमा उम्मेदवारी दिने वा उम्मेदवार खडा गर्ने नेपाली कांग्रेस पार्टी र एशोसिएसनको विधि, विधान, प्रद्धति, अनुशासनविरुद्ध भएका कारणले लोकतान्त्रिक एशोसिएसनले यस्ता कदम चाल्ने केही व्यवसायीहरूसँग स्पष्टीकरण माग गरेको छ र यदि उहाँहरूले आफ्नो निर्णय फिर्ता नगरेमा संस्थागत कारबाही प्रक्रिया अघि बढाइनेछ र पार्टीमा पनि कारबाहीका लागि सिफारिस गरी पठाइनेछ जानकारी गराउँदछौं ।

अतः लोकतान्त्रिक एशोसिएसनको आदर्श, एकता र संगठनात्मक अनुशासनको पालना गर्दै सबै व्यवसायीहरूलाई लोकतान्त्रिक-गणतान्त्रिक संयुक्त समूहका उम्मेदवारहरूप्रति निर्विवाद समर्थन गर्न, मतदानमा सक्रिय सहभागिता जनाउन र भुवनसिंह गुरुङको नेतृत्वमा रहेको सम्पूर्ण टिमलाई विजयी गराउने अभियानमा एकताबद्ध रूपमा लाग्न निर्देशनात्मक अनुरोध गरिन्छ । जय नेपाल !

दिपक थापा
अध्यक्ष

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

**वैदेशिक रोजगार विशेष**

## आफ्नो कार्यकालमा ऐतिहासिक उपलब्धि हासिल भएको अध्यक्ष भण्डारीको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले आफ्नो कार्यकालमा संघले ऐतिहासिक उपलब्धि हासिल गरेको दाबी गरेका छन् । मंगलबार काठमाडौंको सिफलस्थित संघ कार्यालयको सभाहलमा पहिलो र आफ्नो कार्यकालको अन्तिम पत्रकार सम्मेलन आयोजना गर्दै अध्यक्ष भण्डारीले सो दाबी गरेका हुन् ।

यही २९ चैतमा संघको नयाँ नेतृत्व चयनका लागि निर्वाचन हुँदै छ । सोही अवसरमा पत्रकार सम्मेलन




आयोजना गरेर अध्यक्ष भण्डारीले आफ्नो कार्यकालका उपलब्धिहरू र भावी नेतृत्वका लागि आगामी योजना सार्वजनिक गरेका हुन् ।

अध्यक्ष भण्डारीले संघको वर्तमान कार्यसमितिमा देखिएको एकता र परिणाममुखी काम गर्ने शैलीकै कारण संघको अगुवाइमा एकपछि अर्को उपलब्धि हासिल भएको बताए ।

व्यवसायीका हकहित, समस्या समाधान, नीतिगत सुधारका प्रयत्न, सामाजिक उत्तरदायित्वलगायतका थुप्रै काम सफलतापूर्वक गरिएको अध्यक्ष भण्डारीले बताए ।

अध्यक्ष भण्डारीले आफ्नो कार्यकालमा संघले स्थापनाको ३२ वर्षपछि आफ्नै प्रशासनिक भवन पाएको बताए । संघमा आबद्ध करिब १ हजार व्यवसायीहरूको छाता संस्थाको आफ्नै भवन खरिद गर्न सक्नु वर्तमान कार्यसमितिको प्रमुख उपलब्धि रहेको उनले पृष्ठ २ मा

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ निर्वाचन**

## ललितपुर र धुम्बाराहीमा क्षेत्रीय चुनावी सभा



**काठमाडौं / मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ चैतमा हुने कार्यसमिति निर्वाचनका लागि दुवै प्यानल प्रचारप्रसारको अन्तिम चरणमा पुगेका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको निर्णयविरुद्ध उभिएको फरकधार र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा बनेको संयुक्त व्यवसायी समूहको अध्यक्षका उम्मेदवार रहेका मञ्चका पूर्वअध्यक्ष रहेका गेलाल प्यानलले मंगलबार ललितपुर र धुम्बाराहीमा क्षेत्रीय चुनावी सभा सम्पन्न गरेको छ ।

अध्यक्षका उम्मेदवार गेलालले व्यवसायीमा समस्याको छिटो समाधान गर्ने आवश्यकताअनुसार प्रमुख २ घटकको तालमेल र अन्य क्षेत्रीय तथा भेगीय संस्था तथा त व्यवसायीको समर्थनमा चुनावी मैदानमा आएको बताए ।

संघको वर्तमान कार्यसमितिले व्यवसायीको पक्षमा पृष्ठ २ मा






# सरकारले आन्दोलनरत शिक्षकलाई वार्तामा बोलायो

**काठमाडौं/मस-** सरकारले आन्दोलनरत शिक्षकलाई वार्तामा बोलाएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नेपाल शिक्षक महासंघलाई वार्ताका लागि बुधबार मन्त्रालयमा बोलाएको हो । मन्त्रालयका प्रवक्ता एवं सहसचिव शिवकुमार सापकोटाले मंगलबार विज्ञप्ति जारी गर्दै आन्दोलनरत सबै शिक्षक कर्मचारीको प्रतिनिधित्व हुने गरी महासंघलाई वार्ता र संवादका लागि आह्वान गरेका हुन् ।

वार्ताको समय भने आपसी सल्लाहअनुसार तय गरिने विज्ञप्तिमा उल्लेख छ । विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० यथाशीघ्र पारित गरियोस् भन्ने माग राख्दै नेपाल शिक्षक महासंघको आह्वानमा शिक्षकहरुको आन्दोलन जारी छ । मन्त्रालयले साझा धारणा निर्माणका लागि आन्दोलनरत शिक्षकहरुसँग यसअघि यही चैत २१ र २२ गते छलफल र परामर्शका लागि आह्वान गरेको थियो । तर उक्त छलफल तथा परामर्श भने हुन सकेको थिएन ।




यसैबीच सरकारले बोलाएको वार्तामा जाने नजानेबारे शिक्षक महासंघको कोर टिम बसेर निर्णय गर्ने भएको छ । मंगलबार आन्दोलनको समीक्षा गर्न बसेको बैठकले वार्तामा जाने/नजाने निर्णय गरेन । बुधबार बिहान फेरि छलफल गरेर निर्णय गरिने आन्दोलन परिचालन कमिटीको संयोजक एवं महासंघको सहअध्यक्ष नानुमाया पराजुलीले बताइन् ।

उनले भनिन्,'आन्दोलनको समीक्षा गर्‍यौं । आन्दोलनलाई निरन्तरता दिन्छौं । सरकारको विज्ञप्ति पनि पाएका थियौं । यही आधारमा वार्तामा जाने निर्णय भएको छैन । विश्वासको वातावरण बन्नु पर्‍यो । संसदको विशेष अधिवेशन, बर्खे अधिवेशन वा अध्यादेशबाट ऐन ल्याउने हो त्यो सुनिश्चित हुनुपर्छ । वार्तामा जाने नजाने आज निर्णय भएन । निचोडमा पुगेको छैन । बुधबार बिहान कोर टिम बसेर छलफल गर्छौं । त्यसपछि सरकारलाई जवाफ दिन्छौं ।'

**गभर्नर...**

पनि सत्ता गठबन्धन दलमा समस्या आउँदा १८औं गभर्नर चयनमा सकस देखिएको हो ।

१ महिनाअघि २६ फागुनमै मन्त्रिपरिषद्ले गभर्नर छनोटका लागि उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको संयोजकत्वमा डा. विश्व पौडेल र विजयनाथ भट्टराई रहेको ३ सदस्यीय सिफारिस समिति गठन गरेको थियो । तर, सिफारिस समितिभन्दा दलका शीर्ष नेताकै कारण समितिले छनोट प्रक्रियामा अलमल गरिएको अर्थ क्षेत्रका विज्ञहरू बताउँछन् ।

प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाबाट 'ग्रिन सिग्नल' आएपछि मात्र औपचारिकता निभाउने काम हुने भएकाले समिति सदस्यहरू नै अलमलमा छन् । समितिका सदस्यले केही नचल्ने भएपछि उनीहरू लज्जित हुनुपरेको छ ।

नेपाल राष्ट्र बैंक ऐनको दफा २५ मा गभर्नरको पद रिक्त हुनुभन्दा १ महिना अगावै गभर्नरका लागि सार्वजनिक सूचना निकालेर सो ऐनबमोजिम गभर्नर नियुक्त गरी सोको सूचना सार्वजनिक रूपमा प्रकाशन तथा प्रसारण गर्ने भन्ने उल्लेख छ ।

तर, ऐनमा भन्दा दल निकट व्यक्तिमा सहमति नहुँदा प्रक्रियामै रोकिएको छ ।

सरकारले राष्ट्र बैंक नेतृत्वविहीन भएपछि सोही ऐनको दफा २७ मा गभर्नर बिदा भएमा सरकारले बैंकका वरिष्ठ डेपुटी गभर्नर नीलम ढुंगानालाई सोमबार गभर्नरको कामकाज जिम्मा दिइएको छ । कार्यबाहक गभर्नरको जिम्मा पाएकी ढुंगानासमेत गभर्नरकै दौडमा छन् ।

गभर्नर नियुक्तिको सकस भइरहेको अवस्थामा अर्थ मन्त्रालयले गभर्नर नियुक्तिको मापदण्डसमेत संशोधन गरेर अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका कार्यकारी प्रमुखहरूका लागि ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको र कार्यकारी प्रमुखबाहेकको पदाधिकारीको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था हटाएको छ ।

अन्तिम समयमा भएको उमेर हदसम्बन्धी मापदण्ड खारेजले कसका लागि परिवर्तन गरिएको भन्ने प्रश्न उब्जिएको छ । तर, संचार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले मंगलबार मन्त्रीपरिषद्का बैठक सार्वजनिक गर्ने क्रममा गभर्नरको नियुक्तिमा २ वटा पार्टीको बीचमा भागबन्डा नमिलेर ढिलो भएको भन्ने कुरा सत्य नभएको दाबी गरे ।

उनले डेपुटी गभर्नर ढुंगानालाई सरकारले कार्यबाहक गभर्नर तोकिसकेकाले काम नरोकिने तर्क गर्दै अझै केही दिन गभर्नर चयनमा ढिलाइ हुने संकेत गरेका छन् । गभर्नर चयनमा दलहरूले गम्भीरता नदेखाउँदा अर्थतन्त्र सुधारका लागि दलहरू गम्भीर छैनन् भन्ने सन्देश गएको छ ।

**सत्तालाई...**

हो भने लाखौं मानिसहरू थुनिन तयार छौं ।' गणतन्त्रवादी नेताहरूलाई देशका कारागारहरू सुविधाजनक बनाएर राख्न उनले सुझाव दिएका छन् ।

त्यस्तै, वरिष्ठ उपाध्यक्ष तामाङले आफ्नो पार्टीलाई पेलानमा पार्न खोजिएमा विद्रोह गर्ने चेतावनी दिए । राष्ट्रिय सहमतिबाट एजेन्डा स्थापित होस् भन्ने पार्टीले चाहेको बताएका उनले भने, 'सदन र सडक दुवैबाट पार भएन भने राप्रपाले सोच्नुपर्ने दिन आइसक्यो । हामीले यो संविधानसँग सहकार्य गर्ने बाटो अख्तियार गरेकामा अब यो बाटो छाडेर पूरा संघर्ष र विद्रोहको बाटो लिनुपर्ने अवस्था आउने छ । यही मञ्चबाट भन्न चाहन्छु, राप्रपालाई यस्तै पेल्ने हो भने विधिवत् प्रेस सम्मेलनमार्फत चुनावी प्रक्रिया त्यागेको घोषणा गरेर विद्रोहको राजनीति सुरु गर्छौं ।'

कार्यक्रममा राप्रपाका अधिकांश नेताहरूले गत १५ चैतमा तीनकुनेमा भएको आन्दोलनका क्रममा पक्राउ परेका आफ्ना पार्टीका नेताहरू रिहाइ गर्न माग गर्दै राजासहितको हिन्दु राष्ट्र निर्माणका लागि देशव्यापी अभियान चलाउने बताए ।

**आईजीपी...**

नेपाल प्रहरी र सशस्त्र प्रहरीका गरी ३ हजार ५०० सुरक्षाकर्मी परिचालन गरेको गृह मन्त्रालयले बताएको थियो । सो संख्याको सुरक्षाकर्मीमध्ये २ हजार जनाको फौज तीनकुनेको कार्यक्रममा थियो, जहाँ प्रदर्शनकारीको संख्या पनि हाराहारी ३ हजार मात्र थियो ।

प्रदर्शनकारी र प्रहरीको संख्या करिब बराबरी जस्तै भए पनि घटनाले एकाएक हिंसाको रूप लिएपछि सुरक्षा निकायको व्यवस्थापकीय पक्षमाथि प्रश्न उठेको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले प्रहरी महानिरीक्षक दीपक थापाको निष्पक्षतामाथि प्रश्न उठाएका छन् । मंगलबार बल्खुमा आयोजित पार्टीको आमसभालाई सम्बोधन गर्दै उनले प्रहरी प्रमुख थापा नेकपा एमाले निकट युवा संघको सहअध्यक्षको जस्तो भूमिकामा देखिएको टिप्पणी गरे । राजावादी समूहहरूले तीनकुनेमा गरेको प्रदर्शनबारे प्रहरी प्रमुख थापा निर्लज्ज रूपमा प्रस्तुत भएका भन्दै उनले गम्भीर आरोप लगाए ।

यस घटनामा सरकार र प्रहरी प्रशासन मुख्य दोषी भएको दाबी लिङ्देनको छ । 'तीनकुने घटनामा प्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रमुख जिम्मेवार छन्', उनले भने, 'गृहमन्त्रीले आदेश दिए होलान्, प्रहरी चले होलान् भनेको त, अहिलेको प्रहरी प्रमुख त एमालेको युवा संघको सहअध्यक्ष पो रहेछन् ! हामीले भेटेका खोका, अश्रु ग्यासको सेलका बोक्रा, जहाँ एक्सपाइरी डेट २००८ लेखिएको छ, २०१०, ०१२ लेखिएको छ । के त्यो दुर्गा प्रसाईंहरूले बोकेर ल्याएर हानेको अश्रु ग्यास हो ? अनि, त्यो प्रहरी प्रमुख एमालेको प्रतिनिधि भएर निर्लज्जतापूर्वक के भन्छन्- हामीले हानेको अश्रुग्यास कसरी डेट एक्स्पाएर भएको हुन्छ ?'

उक्त आन्दोलनमा पत्रकार सुरेश रजक र अर्का युवा सबिन महर्जनको ज्यान गएको थियो । व्यक्तिगत घरमा आगजनी गरिँदा भिडियो खिचिरहेका पत्रकार रजक जलेर र सडक पेटीमा हिँडिरहेका युवा सबिनलाई गोली लागेर भएको मृत्यु सामान्य थिएन् । राजावादीहरूले व्यक्तिगत र सार्वजनिक सम्पत्ति आगजनी, तोडफोड गर्दा प्रहरीका तर्फबाट समेत कमजोरी भएको देखिन्छ ।

आन्दोलनकारीले नेकपा (एकीकृत समाजवादी)को पार्टी कार्यालयमा आगजानी गरे भने नेकपा (माओवादी केन्द्र)को पार्टी कार्यालयमा तोडफोड प्रयास गेका थिए । जडीबुटी कम्पनीमा आगजनी, अन्नपूर्ण पोस्टको कार्यालयमा ढुंगामुढा, कान्तिपुर मिडिया हाउसको भवनमा आगजनी प्रयास र अन्य मिडिया हाउससमेत निशानामा परेका थिए ।

यी गतिविधि हुनुमा सरकारसमेत जिम्मेवार रहेको भन्दै सांसदहरूले संसद्मै उच्चस्तरीय न्यायिक छानबिन आयोग गठनको माग गरेका थिए । सोही घटनाको विषयलाई लिएर राज्य व्यवस्था तथा सुशासन समितिले गृहमन्त्रीसहित सुरक्षा निकायका प्रमुखहरूसँग बैठक गरेको थियो । सो छलफलमा प्रहरी प्रमुख थापाले घटनाका मुख्य कमान्डर दुर्गा प्रसाईंलाई पक्राउ गर्ने दाबी गरे पनि प्रसाईंलाई प्रहरीले पक्राउ गर्न सकेको छैन ।

'घटनाको समग्र अवस्था हेर्दा आन्दोलनकारीको उच्छृंखलता त छँदै थियो, प्रहरी प्रशासनको समेत कमजोरीलाई नकार्न सकिन्नँ', पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले भने, 'यस्ता घटनामा सुरक्षाको पूर्वानुमान गरेर सुरक्षा सतर्कताका योजना बनाउनुपर्ने थियो । त्यसमा कमजोरी भएको देखिन्छ ।'

**आफ्नो...**

उल्लेख गरे । अध्यक्ष भण्डारीले आफ्नो कार्यकालमा गुनासो सुनुवाइको संयन्त्रअन्तर्गत वैदेशिक रोजगार विभाग श्रमग्राम परिसरमा उजुरी, गुनासा सुन्न र समाधान गर्न २ कोठे मेलमिलाप कक्ष निर्माण गरिएको उल्लेख गरे ।

व्यवसायी तथा कामदारका ३ हजार ४०० उजुरी/गुनासाहरू व्यवसायी र कामदार सँगै राखेर समाधान गर्न सफल भएको, सरकारी तथा गैरसरकारी संस्थाहरूसँगको सहकार्य तथा संवादलाई सुमधुर बनाउने कार्य भएको पनि उनले आफ्नो कार्यकालको उपलब्धिमा उल्लेख गरेका छन् ।

यूएईमा रोजगार मेला आयोजना गर्नुका साथै साउदी, कतार, यूएई, मलेसियालगायतका मुलुकमा स्थलगत भ्रमण तथा अन्तरक्रिया कार्यक्रम गरिएको, विदेशमा रहेका नेपाली कूटनीतिक निकायमा नयाँ नियुक्त भएका राजदूत, श्रम सहचारी तथा श्रम काउन्सिलरसँग भेटघाट तथा अन्तरक्रिया गरिएको पनि अध्यक्ष भण्डारीले आफ्नो कार्यकालको उपलब्धिमा उल्लेख गरेका छन् ।

उनले सय संख्याको बाध्यात्मक प्रावधानलाई २ पटकसम्म बाधा अड्काउ फुकाउने काम गराउन सफल र यो व्यवस्थालाई ऐनबाट हटाउने काम अन्तिम चरणमा पुर्‍याउन सफल भएको पनि उल्लेख गरेका छन् ।

अध्यक्ष भण्डारीले अब आउने संघ कार्यसमितिले समय सापेक्ष ऐन नियम परिमार्जनमा पहल गर्नुपर्ने, सेवा शुल्क व्यवस्थापन र कामदारको लागत निर्धारण गर्नुपर्ने, विभिन्न नयाँ गन्तव्य मुलुकहरूसँग श्रम सम्झौताका लागि पहल गर्नुपर्ने, मागपत्र प्रमाणीकरण सहजीकरण गर्नुपर्नेलगायतका कार्य गर्नुपर्ने उल्लेख गरेका छन् ।

यस्तै, अध्यक्ष भण्डारीले कामदारका लागि आगामी योजनाहरू पनि सार्वजनिक गरेका छन् । उनले रोजगारदाता मुलुकसँग हुने श्रम सम्झौतामा कामदारको २४ घण्टे बीमाको व्यवस्थापनमा पहल गर्नुपर्ने, न्यूनतम ज्यालाको सुनिश्चितताका लागि पहल गर्नुपर्ने, सेन्डिङ कन्ट्रीका व्यावसायिक संगठनहरूसँग साझा धारणा बनाई अस्वस्थ प्रतिस्पर्धाको अन्त्य गरी कामदारको लागत न्यूनीकरण गर्नुपर्ने, विभिन्न निकायसँग समन्वय गरी कामदारका लागि सीप विकासका कार्यक्रमहरू ल्याउन पहल गर्नुपर्नेलगायतका योजनाहरू सार्वजनिक गरे ।

पत्रकार सम्मेलनमा पत्रकारहरूले विदेशबाट मागपत्र ल्याउन व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा हुने गरेको, कामदारहरूले अत्यधिक रकम तिर्नुपर्ने अवस्था रहेको, कामदारका समस्याहरू सम्बोधन हुन नसकेको, उजुरीका संख्याहरू बढ्दै गएकोलगायतका विषयमा जिज्ञासा राखेका थिए । प्रतिउत्तरमा अध्यक्ष भण्डारीले संख्या सय नै समस्याको मूल जड रहेको, सेवा शुल्कबारे सरकार उदासीन रहेको र गैरव्यवसायीहरूका अनधिकृत कार्यहरूलाई रोक्न नसकिएको बताएका थिए ।

संघका महासचिव मेघनाथ भुर्तेलले संचालन गरेको पत्रकार सम्मेलनमा प्रथम उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले स्वागत मन्तव्य राखेका थिए ।

**ललितपुर...**

ऐतिहासिक काम गरेकाले त्यसको निरन्तरताका रूपमा आफ्नो प्यानल आएको भन्दै आफ्नो नेतृत्वले गर्न बाँकी काम संघमा निर्वाचित भएको ३ देखि ६ महिनाभित्र टुंगोमा पुऱ्याउने दोहोऱ्याए ।

गेलालले आफ्नो प्यानलको कार्यसमितिले आगामी २ वर्षे अवधिमा संख्या सय समस्याको समाधान, मागपत्र प्रमाणीकरण, श्रम स्वीकृतिमा सहजीकरण जस्ता वर्षौंदेखि थाँती रहेका समस्या समाधान गरेरै छाड्ने भन्दै कुनै दुविधा नराखी प्यानललाई आफ्नो मत प्रदान गर्न आग्रह गरे ।

संघलाई राजनीतिक खिताचानीबाट मुक्त समस्या समाधान मुखी बनाउने र व्यवसायीको रोजीरोटी खोस्न जुनसुकै आवरण आउने सिन्डिकेटका विरोधमा आमरण अनशन तहको कठोर कदम चाल्ने प्रतिबद्धता जनाए । उनले भने, 'उम्मेदवारी दर्ताअघि सिन्डिकेटमा समर्थन जनाउनु आमाको रगत खानु सरह हो भनेको छु । आज पनि तपाईंहरूका बीचमा सोही प्रतिबद्धता दोहोऱ्याउँछु ।'

प्रथम उपाध्यक्षका उम्मेदवार सुजितकुमार श्रेष्ठले संख्या सयको समस्या समाधान गरेर व्यवसायीलाई तत्कालै राहत दिनेदेखि जब फेयर गरेर युरोपको श्रम बजारमा नेपाली कामदार पठाउन अवसरको सिर्जना गर्नेसहितका दर्जन बढी योजनामा काम गर्ने बताए ।

तृतीय उपाध्यक्ष बैकुण्ठ पौडेल वैभवले यसअघि जस्तै कूटनीतिक नियोगहरूसँग समन्वय गरेर व्यवसायीका समस्या समाधान र कामदारको हकहितको संरक्षण गर्ने बताए ।

महासचिव कर्णराज कटुवालले मागपत्र प्रमाणीकरण संख्या सय समस्याको समाधान, वैदेशिक रोजगार विभागका समस्याको समाधान, धरौटीबाट व्यवसायीलाई ब्याज दिलाउनेलगायतका गेलाल प्यानलले जनाएका प्रतिबद्धताअनुसारको काम गर्ने बताए । उनले आफू महासचिवको उम्मेदवार बनेपछि केही व्यवसायी पूर्वाग्रही भएर भ्रमको खेतीमा लागेका भन्दै त्यस्ता भ्रमहरूबाट भ्रमित नहुन आग्रह गरे ।

सचिवका उम्मेदवार अनिल बोगटीले व्यवसायीलाई सुरक्षित गर्न सिन्डिकेटको विरोधमा नेतृत्व अलमलमा परे खबरदारी आफ्नो प्रमुख एजेन्डा भएको बताए ।

कोषाध्यक्षकी उम्मेदवार धनुमाया सिँजालीले संघलाई नवीन आर्थिक सोचका साथ अघि बढाउने प्रतिबद्धता जनाइन् । कार्यक्रम कार्यसमिति सदस्यका सबै उम्मेदवारले मागपत्र प्रमाणीकरण, संख्या सय समस्याको समाधान, वैदेशिक रोजगार विभागका समस्याको समाधानका विषयमा प्रतिबद्धता व्यक्त गरे ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएनका पूर्वअध्यक्ष कुमुद खनालले संघमा कमजोर नेतृत्व आए सिन्डिकेट आउने खतरा रहेको दाबी गर्दै चुनावको सन्दर्भमा आउने बहकाउमा नपरी गेलाल नेतृत्वको प्यानललाई मतदान गरेर जिताउन आग्रह गरे ।

क्षेत्रीय चुनावी सभालाई संघका पूर्वअध्यक्ष विमल ढकालले त्याग तपस्या गरेर संस्था जन्माउने हुर्काउने आफूहरू नै आधिकारिक भएको भन्दै भ्रममा नपर्न आग्रह गरे । गेलाल समूह अत्यन्तै सन्तुलित रहेको र विगतदेखि वर्तमानसम्म सिन्डिकेटका कुनै पनि जालझेल र प्रपञ्चमा नलागेको बेदाग रहेकाले पनि पूरै प्यानल जिताउन आग्रह गरे ।

एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, संघका अध्यक्ष राजेन्द्र भण्डारी, सो प्यानलका निर्वाचन परिचालन समितिका संयोजक सरोजकुमार पोखरेललगायतले पूरै प्यानललाई मत दिन आग्रह गरे ।

गेलाल प्यानलबाट प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रा. लि.का संचालक संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक नेपाल प्रा. लि.का संचालक मधुकर रिजाल, तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआर प्रा. लि.का संचालक बैकुण्ठ पौडेल वैभव, महासचिवमा डाइनामिक स्टाफिङ सोलुसन प्रा. लि.का संचालक कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा. लि.का संचालक अनिल बोगटी र कोषाध्यक्षमा कालिञ्चोक एचआर प्रा. लि.की संचालक धनुमाया सिँजालीले उम्मेदवारी दिएका छन् ।

सो प्यानलबाट कार्यसमिति सदस्यमा माउन्टेन ग्रुप प्रा. लि.का संचालक देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रा. लि.का संचालक चन्द्र लिम्बू, विनर एचआर सोलुसन प्रा. लि.की संचालक हिमा गुरुङ, रियो ओभरसिज प्रा. लि.की संचालक रमा खड्का, गल्फ इम्पायर ओभरसिज प्रा. लि.का संचालक दिनेश बस्नेत, आयुश ओभरसिज प्रा. लि.का संचालक कामेश्वर साह राहुल, सिगुल ओभरसिज प्रा. लि.का संचालक छत्र बस्नेत, डेष्टिनी ह्युमन रिसोर्स प्रा. लि.का संचालक युवराज देवकोटा र गल्फ एसिया म्यानपावर प्रा. लि.का संचालक राजेश यादवले उम्मेदवारी दिएका छन् ।

कार्यक्रममा तराई वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष नवलकिशोर यादव र खोजी रिक्रुटमेन्ट प्रा. लि.का संचालक मोहम्मद जुनैद लोकतान्त्रिक समाजवादी पार्टीका केन्द्रीय सदस्य तथा व्यवसायी हृदयनारायण दासको उपस्थिति थियो ।

उता, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चसँगको तालमेलका आधारमा बनेको प्यानलको अध्यक्ष पदमा उम्मेदवारी दिएका संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक भुवनसिंह गुरुङ प्यानलका उम्मेदवारले घरदैलो गरेर प्यानललाई मत मागिरहेका छन् ।

गुरुङको प्यानलबाट प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा. लि.का संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेत, सचिवमा आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे दिम्दोङ र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठले उम्मेदवारी दिएका छन् ।

सो प्यानलबाट कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, राज ग्रुप अफ कम्पनीका संचालक राज लामा तामाङ, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, सिल्भर कर्नर ओभरसिज प्रा. लि.का कैलाश पाठक, ग्लोबल एचआर हब प्रा. लि.की संचालक गीता राउत, युनिभर्स एच. आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा, रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा, इगल म्यानपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकालले उम्मेदवारी दिएका छन् ।

यता, प्रथम उपाध्यक्षमा स्वतन्त्र उम्मेदवारी दिएका व्यवसायी अख्तर हुसेन तथा सचिव पदका स्वतन्त्र उम्मेदवार ईश्वर सापकोटाले पनि चुनावी अभियानलाई तीव्रता दिएको बताएका छन् ।

# 'सरकारप्रति जनताको निराशा बढ्यो'

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, २६ चैत



जसपा नेपालका केन्द्रीय अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवले विगत ३५ वर्षमा नेपाली कांग्रेस र कम्युनिष्टहरूले पालैपालो सरकार चलाउँदा मुलुकको समग्र क्षेत्रको अवस्था कमजोर बनेको बताएका छन् ।

जसपा रौतहटको प्रथम जिल्ला अधिवेशनको उद्घाटन गर्दै यादवले भने, '३५ वर्षमा कांग्रेस र कम्युनिष्ट मिलेर देशका उद्योग र कलकारखाना बन्द गराएका छन् । शिक्षा प्रणाली चौपट भएको छ, जसको परिणाम स्वरूप आज हजारौं शिक्षकहरू काठमाडौंमा आन्दोलनरत छन् ।'

उनले थपे, '३५ वर्षमा कुनै पनि नयाँ कलकारखाना सञ्चालनमा ल्याइएको छैन । शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्र सबै प्रभावित भएका छन् । नेपाल अन्य देशहरूको तुलनामा पछाडि परेको छ, र यसको मुख्य कारण कांग्रेस र कम्युनिष्टहरूको असफल शासन हो ।' यादवले पछिल्ला दशकहरूमा भ्रष्टाचार, लुटतन्त्र, गरिबी र बेरोजगारी मात्र बढेको उल्लेख गर्दै किसान तथा मजदुरहरूको पक्षमा कुनै ठोस कदम नचालिएको बताए ।


उनले सरकारप्रति जनताको निराशा बढिरहेको स्पष्ट पारे ।

गरुडा नगरपालिका ५ स्थित एन प्लाजा सभाहलमा आयोजित कार्यक्रममा जसपा रौतहटका जिल्ला अध्यक्ष श्याम बिहारी यादवको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा केन्द्रीय उपाध्यक्ष गोविन्द चौधरी, केन्द्रीय कार्यकारिणी समिति सदस्य राम किशोर यादव, राष्ट्रिय सभा सदस्य पूजा चौधरी, मधेश प्रदेश अध्यक्ष बाल किशोर यादव, पूर्व कृषि राज्यमन्त्री योगेन्द्र यादव, अब्दुल कलाम आजाद, चुलहाई यादव, किशोरी यादव, फुल बाबु लगायतको उपस्थिति रहेको थियो ।

# कन्सुलर विभागको महानिर्देशकमा सापकोटा नियुक्त

**काठमाडौं/मस-** परराष्ट्र मन्त्रालयकी सहसचिव द्रुपदा सापकोटालाई कन्सुलर विभागको महानिर्देशक नियुक्त गरिएको छ । यो पद सम्हाल्ने उनी पहिलो महिला हुन् । हालै परराष्ट्र मन्त्रालयले एक दर्जन सहसचिवहरुको सरुवा गरेको छ । सरुवामा परेकामध्ये अधिकांश बढुवा भएर विदेशबाट फर्किएका वा हालै सहसचिव पदको परीक्षा पास गरेका छन् । सरुवा भएकाहरूमा पारस पण्डित, हरि ओडारी, ज्ञानबहादुर मगर, दधी भण्डारी, लक्ष्मण खनाल, सुरेन्द्र यादव, सुरेश अधिकारी र द्रुपदा सापकोटा प्रमुख छन् ।



सरुवा सूची अनुसार हरि ओडारीलाई यूएईको दुवई, पारस पण्डितलाई साउदी अरेबियाको जेद्दा, लक्ष्मण खनाललाई अमेरिकाको सान फ्रान्सिस्कोमा महावाणिज्यदूतको जिम्मेवारी दिइएको छ ।

यस्तै ज्ञानबहादुर मगर न्युयोर्कस्थित नियोगमा, दधी भण्डारी अमेरिकास्थित दूतावासको जिम्मेवारी दिइएको छ । यस्तै दिल्लीस्थित नेपाली दूतावासमा पोलिटिकल काउन्सिलरको भूमिका निभाइरहेकी सापकोटालाई नेपाल फर्काएर कन्सुलर विभागको नेतृत्व सुम्पिएको हो ।

सापकोटाले यसअघि मलेसिया र अष्ट्रेलियामा कार्यवाहक राजदूतको रूपमा जिम्मेवारी सम्हालिसकेकी छन् । नेपालको कूटनीतिक सेवामा तीन दशकभन्दा लामो अनुभव बोकेकी उनी महिला सहसचिवहरूमध्ये पाकिस्तानमा कार्यरत राजदूत रिता धितालपछि सबैभन्दा वरिष्ठ हुन् ।

कन्सुलर विभाग नेपालीहरुको हकहितको सुरक्षा, संकटमा उद्धार, क्षतिपूर्तिका लागि पहल, कन्सुलर प्रमाणीकरणदेखि विदेशी कूटनीतिक नियोगहरूसँगको समन्वयसम्मका काममा सक्रिय रहँदै आएको छ । सापकोटाको नेतृत्वमा कन्सुलर विभागले अझ प्रभावकारी ढंगले प्रवासी नेपालीको हकहितको संरक्षण गर्ने विश्वास लिइएको छ ।

# २० सर्जक सम्मानित



**बनेपा/मस-** जनमत साहित्यिक मासिकको ४१औं वार्षिकोत्सवका अवसरमा २० जना सर्जक सम्मानित भएका छन् ।

वरिष्ठ साहित्यकार, जनमत साहित्यिक मासिकका प्रधान सम्पादक तथा जनमत वाङ्मय प्रतिष्ठानका अध्यक्ष मोहन दुवालको अध्यक्षतामा अरनिको पार्टी प्यालेस बनेपामा सम्पन्न कार्यक्रममा

संस्कृति शिरोमणि हरिराम जोशीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रम प्रगतिवादी समालोचक हृदयचन्द्र सिंह प्रधानको तस्बिरमा माल्यार्पण गरेर सुरु गरिएको थियो ।

कार्यक्रममा हृदयचन्द्र-वरिष्ठ जनमत साधक सम्मान प्रा.डा. वासुदेव त्रिपाठी (तनहुँ),गणेश/खिलकुमारी दुवाल-जनमत सम्मान किशोर पहाडी (काठमाडौँ),जनमत-केदार/सुदर्शना बालसाहित्य सम्मान प्रा डा.ध्रुव घिमिरे (नुवाकोट),जनमत-सिचि धर्म/संस्कृति सम्मान ब्रह्मकुमारी लक्ष्मी दिदी (बनेपा),जनमत-मित्र अनुवाद राष्ट्रिय सम्मान मधुसूदन पाण्डेय (दाङ),जनमत-दीपक वैद्य स्वास्थ्य सम्मान डा.प्रकाशराज रेग्मी (पाल्पा),भारती-जनमत साहित्यिक पत्रकारिता सम्मान चेतनाथ धमला (ओखलढुंगा) र दीपा जनमत सम्मान आकाश अधिकारी (तनहुँ) लाई सम्मानित गरिएको छ ।

यस्तै जनमत-जनक प्रधान सेवा सम्मान विनोदराज शर्मा (भक्तपुर), केवलपुरे-जनमत सम्मान मोमिला जोशी (धनकुटा),कमला सैंजू-जनमत सम्मान इल्या भट्टराई (काठमाडौं), जनमत-महेन्द्रलाल कलाकार सम्मान कालु कुमाले (ललितपुर),जनमत-राजभाइ सहयात्री सम्मान देवीचरण भण्डारी (झापा), ),जनमत-ज्ञानरत्न/मंगलतारा राष्ट्रिय सम्मान फूलमान वल (काभ्रे),जनमत-पूर्णमाया लुचि समाजसेवा सम्मान र पूर्णबहादुर गुरुङ (सुनसरी)लाई प्रमुख अतिथि जोशीले २०८० सालको सम्मानबाट सम्मानित भएका छन् ।

यसैगरी २०७९ सालको भारती जनमत साहित्यिक पत्रकारिता पुरस्कार काठमाडौंका मेरिना स्मृति र जनमत-ज्ञानरत्न/मंगलतारा राष्ट्रिय सम्मान २०७९ वीरगञ्जका दिनेश गुप्तालाई प्रदान गरिएको छ ।

कार्यक्रममा शिक्षातर्फ गोविन्दमान प्रधानाङ्ग, पत्रकारितातर्फ प्रल्हाद शर्मा हुमागाईं, समाजसेवातर्फ त्रिरत्न रञ्जितकारलाई कदरपत्र प्रदान गरिएको थियो । यी तीनवटा कदरपत्र प्रत्येक वर्ष शिक्षा,पत्रकारिता र समाजसेवामा विशेष योगदान पुर्याउने व्यक्तिलाई जनमतले प्रदान गर्दै आएको छ । कार्यक्रममा अध्यक्ष दुवालका शब्द बिम्बमा पौरखीहरू भाग -१ र २ ,सम्झनामा सम्झनाहरू -१,जनमत जानकारी :मोहन दुवाल र जनमतः संकषेपमा जस्ता कृतिको लोकार्पण गरिएको थियो ।

कार्यक्रममा सम्मानित व्यक्तित्वहरूलाई प्रमुख अतिथि जोशीबाट सम्मानपत्र, विशिष्ट अतिथि प्रा.डा.रामप्रसाद ज्ञवालीबाट दोसल्ला र जनमतका मानार्थ संरक्षक राजभाइ प्रधानबाट नगद प्रदान गरिएको थियो ।

प्रमुख अतिथि जोशीले जनमतले भाषा,साहित्य ,संस्कृति र साहित्यिक पत्रकारिताका क्षेत्रमा पुऱ्याएको योगदान ऐतिहासिक रहेको चर्चा गर्दै मोहन दुवालको त्याग र समर्पण सबैका लागि मान्य रहेको बताउँदै संस्कृतिको महत्त्वका बारेमा विशेष चर्चा गरेका थिए । विशिष्ट अतिथि प्रा.डा रामप्रसाद ज्ञवालीले मोहन दुवाल विचारको सौन्दर्यमा अडिग रहेर भाषा, साहित्य, पत्रकारिता र शिक्षा क्षेत्रमा बहुआयामिक योगदान दिने व्यक्तित्व रहेको चर्चा गर्दै जनमत र मोहन दुवाल नेपाली साहित्यमा अकाट्य रूपमा रहेको बताए ।

विशिष्ट अतिथि प्रा.डा.सुष्मा आचार्यले जनमतको माध्यमद्वारा मोहन दुवालले स्रष्टाहरूका कृति प्रकाशन,सम्मान ,पुरस्कार दिँदै हौसला प्रदान गर्ने एक प्रेरक व्यक्तित्व रहेको बताइन् । विशिष्ट अतिथि डा.दामोदर पुडासैनी 'किशोर'ले बनेपाबाट प्रकाशित जनमत साहित्यिक पत्रिका कोशेढुंगा भएको बताउँदै एक उत्कृष्ट साहित्यिक पत्रिका भएको चर्चा गरेका थिए ।

# 'उपयुक्त समयमा संविधान संशोधन हुन्छ'



**जनकपुर/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यान्वयनको अनुभवका आधारमा विद्यमान व्यवस्थालाई सबल बनाउने लक्ष्यका लागि संविधान संशोधन गर्न राजनीतिक समितिका साथ काम गरिने बताएका छन् ।

मधेश प्रदेशसभालाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले समयको विकास र अनुभवका आधारमा विद्यमान प्रणालीलाई बलियो बनाउन तथा सुशासन र विकासका लागि उचित समयमा संविधान संशोधन हुने स्पष्ट गरे ।

'सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न उपयुक्त समयमा संविधान संशोधन गर्छौं । त्यसका लागि एउटा नेकपा (एमाले) र नेपाली कांग्रेसको यो संयुक्त सरकारबाट राजनीतिक समिति बनाउँछौं । तर 'प्याण्डोरा'को बाकस खोलेजस्तो गर्दैनौं । प्रगितमनका लागि ढोका खोल्न संविधान संशोधन गर्दैनौं', प्रधानमन्त्री ओलीले भने, 'राजतन्त्र फेरि ल्याउने भनेर केही लागेका छन् । विगतमा निरङ्कुश राजतन्त्रको कुशासन नदेखेका नयाँ पुस्तालाई भ्रममा पार्न खोजेका छन् । हामीले नयाँ पुस्तालाई सचेत बनाउनुपर्छ । आजको सचेत समाजले त्यस्तो सामन्ती व्यवस्था स्वीकार्न सक्दैन । गणतन्त्र यस देशको वर्तमान र भविष्य हो । प्रतिपक्षी पनि विद्यमान व्यवस्थाको पक्षमा रहनु खुसीको कुरा हो ।'

प्रधानमन्त्री ओलीले लोकतान्त्रिक गणतन्त्रको व्यवस्था जनताको सङ्घर्षको जगमा ल्याइएकाले यस व्यवस्थालाई सुव्यवस्थित एवं सुदृढ बनाउनु सबैको कर्तव्य भएको उल्लेख गरे । 'यो श्रेष्ठ प्रणाली हो, हामीले यसको रक्षा गर्नुपर्छ । अभ्यासमा आएको लामो समय नभएकाले यो व्यवस्थामा केही कमजोरी भए होलान् तर सुधार गरेर जानुको विकल्प छैन', उनले भने, 'अब हामी द्रुत गतिमा अघि बढेका छौं । यस प्रणालीअन्तर्गत सांसदको सपथ लिने अनि बाहिर गएर संविधान मान्दिन भन्ने अभिव्यक्ति दिनु हुँदैन ।' प्रधानमन्त्री ओलीले अनावश्यक हल्ला चलाइएको भए पनि भारत र चीनसँगको सम्बन्ध समुधुर रहेको बताए ।

# नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न गृहकार्य सुरु



**काठमाडौं/मस–** नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्न गृहकार्य सुरु भएको छ । सम्पत्ति शुद्धिकरण निवारण निर्देशक समितिको मंगलबार बसेको बैठकमा नेपाललाई ग्रे लिष्टबाट बाहिर ल्याउन कार्ययोजनालाई अन्तिम रुप दिने र त्यसलाई कार्यान्वयन गर्ने निर्णय भएको छ । जिम्मेवार निकायहरु, कृयाकलाप र कृयाकलाप सम्पन्न गर्ने समयसीमासहित कार्ययोजना कार्यान्वयन गरिने भएको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्न कार्ययोजना अनुसार कार्य गर्दै गर्दा आगामी दिनमा नेपाल ग्रे लिष्टमा नपर्ने गरी दीर्घकालीन हिसाबले काम गर्न आवश्यक रहेको बताए ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्न कानुनको कमी नभएको बताए । उनले इच्छाशक्ति लगाएर काम गर्ने हो भने नेपाललाई ग्रे लिष्टबाट बाहिर निकाल्न सकिने धारणा व्यक्त गरे । महान्यायाधिवक्ता रमेश बडालले सबै निकायमा संस्थागत सुशासन हुन जरुरी रहेको बताए । मुख्य सचिव एकनारायण अर्यालले सबै निकायबीच समन्वय गरी प्राथमिकताका साथ काम गर्न जरुरी भएको बताए । उनले प्रविधिलाई जोड दिएर कार्ययोजना अनुसार काम गर्दा नेपाल ग्रे लिष्टबाट बाहिर आउन सक्ने बताए । नेपाल राष्ट्र बैंकका कायममुकायम गभर्नर निलम ढुङ्गाना तिम्सिनाले अन्तिम समयमा काम गर्ने भन्दा कार्य योजना अनुसार सुरुदेखि नै काम गर्न आवश्यक भएको बताए ।

बैठकमा सहभागीहरुले जोखिम मूल्यांकन, अन्तर निकाय समन्वय, नियमन तथा सुरपरिवेक्षण, अनुसन्धान तथा अभियोजन, कसूरजन्य सम्पत्ति लगायतका क्षेत्रमा काम गर्न जरुरी रहेको बताउँदै कानुनमा भन्दा कार्यान्वयनमा जोड दिन आवश्यक भएको बताएका थिए ।

# पालिकादेखि नै राष्ट्रिय परिचय वितरण गर्दै डोल्पाका स्थानीय तह

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २६ चैत



हिमाली जिल्ला डोल्पाको जगदुल्ला गाउँपालिका आफ्नै प्रशासकीय भवनबाटै राष्ट्रिय परिचयपत्र वितरण गर्न सुरु गरेको छ । मंगलबारदेखि डोल्पाको जगदुल्ला गाउँपालिकामा राष्ट्रिय परिचयपत्र वितरण थालिएको हो ।

जिल्ला प्रशासन कार्यालय डोल्पाको विशेष अनुरोधमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले नागरिकको सहजताको लागि पालिकाबाटै सेवा प्रवाहको ब्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले बताए । प्रजिअ महतका अनुसार नेपाल सरकारले गत साउनदेखि सामाजिक सुरक्षाभत्ता,बैंक खाता खोल्न,उपभोक्ता समिति बन्न र अन्य विभिन्न सेवा प्राप्तिको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि पालिकाको आर्थिक सहयोगमा पालिका स्तरमै पुगेर यो सेवा दिन थालिएको हो । जगदुल्ला गाउँपालिकामा पहिलो दिनमै ३४जनाले राष्ट्रिय परिचयपत्र प्राप्त गरेका छन् ।

जिल्ला प्रशासन कार्यालयका कम्प्युटर अपरेटर सन्तोष बोहोराले प्रत्येक वडालाई पाँच दिनको अवधी दिएर सेवा प्रदान गरिने र पहिलो दिनममा २० पुरुष, १४ महिला गरेर ३४ जनाले परिचयपत्र लिएको जानकारी दिए ।

सदरमुकाम दुनैदेखि झण्डै ४५किलोमिटरको दुरीमा रहेको जगदुल्ला गाउँपालिकामा राष्ट्रिय परिचयपत्र वितरण र दर्ताको लागि चाहिने इन्टरनेट र चाहिने उपकरणका साथै प्राविधिक खर्च गाउँपालिकाले व्यवस्थापन गरेर सेवाप्रवाह गरिरहेको निमित्त प्रमुख प्रशासकीय अधिकृत खगेन्द्र ऐडीले बताए । पछिल्लो समय अनिवार्य गरिएको यो परिचयपत्र प्राप्तिमा नागरिकको लागि महंगो र झन्झटिलो भएकाले सहज रुपले घरआँगनमै सेवा प्राप्त गर्न सकुँन् भनेर गाउँपालिका केन्द्रबाटै राष्ट्रिय परिचयपत्र दर्ता तथा वितरणको व्यवस्था मिलाइएको पालिका अध्यक्ष नारासिं रोकायाले बताए । प्रशासनको विशेष पहलमा र गाउँपालिकाको आर्थिक व्यवस्थापनमा जिल्लामै पहिलोपटक मुड्केचुलागाउँपालिकाका नागरिकले पनि पालिकादेखि नै राष्ट्रिय परिचयपत्र प्राप्त गरेका थिए ।

९ वडा रहेको मुड्केचुला गाउँपालिकामा अहिले पनि यो सेवा नियमित रुपमा जारी छ । ६ वडा मात्र रहेको जगदुल्ला गाउँपालिकामा मंगलबारबाट यो सेवा शुरु भएको र यसपछि काइके गाउँपालिकाको केन्द्रबाट राष्ट्रिय परिचयपत्र वितरण गर्ने गरी तयारी भइरहेको जिल्ला प्रशासन कार्यालय डोल्पाले जनाएको छ ।

# गुजरामा प्रशासकीय अधिकृत नहुँदा सेवा प्रभावित



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २६ चैत

रौतहट गुजरा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत मित्र ढकाल कार्यालयमा नहुँदा सेवा प्रभावित हुने गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा यस क्षेत्रका सेवाग्राहीले समस्या भोग्नु परेको छ । गुजरा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ढकाल एक दिन कार्यालयमा, दुई दिन भ्रमणमा, दुई दिन घरमा बस्ने गरेका छन् । चालु आर्थिक वर्ष सकिन साढे तीन महिना मात्रै बाँकी छ । केही योजना सम्झौता हुँन बाँकी छन् । सम्पन्न भएका योजनाको भुक्तानी हुन नसक्दा नगरका सेवाग्राहीले समस्या झेल्नु परेको एक जनप्रतिनिधिले दुखेसो पोखे ।

अधिकृत ढकाल कार्यालय अनुपस्थितको कारण सेवाग्राही मर्कामा परेका छन् । दुई सातादेखि कुनै पनि काम हुन नसक्दा सेवाग्राही रितै फर्किन बाध्य छन् ।

यस्तै प्रमुख प्रशासकीय अधिकृत ढकालले कमिसन नलिइ कामै नगर्ने गरेको आरोप समेत लाग्ने गरेको छ । कमिसन दिनेलाई मात्र भुक्तानी दिने गरेको र कमिसन नदिनेलाई विभिन्न बहाना बनाएर अलटाल गर्ने गरेको स्रोतले जनाएको छ । यस्तै प्रमुख प्रशासकीय अधिकृत ढकालले नियमविपरीत आफ्नो भ्रमण खर्च निकासा गरेको समेत पाइएको छ ।

जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतको भ्रमण आदेश नगरपालिकाको नगर प्रमुखले स्वीकृत गर्ने कानुनी व्यवस्था छ । तर, अधिकृत ढकालले आफूखुसी आफ्नो भ्रमण आदेश आफैं स्वीकृत गरी लाखौं रकम निकासा गरेको एक जना जनप्रतिनिधिले बताए । यस विषयमा अधिकृत ढकालसँग सम्पर्क गर्न खोजेपनि सम्पर्क हुन सकेन् ।

# रवीन्द्र र धवलसहित २० जनालाई १५ दिन म्याद थप



**काठमाडौं/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री तथा सांसद धवलशमशेर राणासहित २० जनाविरुद्ध १५ दिनको म्याद थप भएको छ ।

काठमाडौं जिल्ला अदालतले उनीहरूविरुद्ध थप १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । मिश्र र राणासहितका २० आरोपितलाई राज्यविरुद्धको कसुरमा मुद्दा चलाइएको छ । यस्तै आपराधिक उपद्रवमा ५३ जनालाई थप २० दिन हिरासतमा राख्न प्रहरीले अनुमति पाएको छ । उनीहरूले चैत १५ गते तीनकुनेमा दुर्गा प्रसाईंको नेतृत्वमा प्रदर्शन गर्दा व्यक्ति तथा सरकारी सम्पत्तिमा आगजनी तथा तोडफोड गरेका थिए ।

# नेसनल हर्टिकल्चर एक्स्पो हुँदै




**काठमांडौ/मस–** काठमांडौंको भृकुटीमण्डपमा चैत्र २८ देखि ३१ गतेसम्म हुने दोस्रो नेशनल हर्टिकल्चर एक्स्पो हुने भएको छ । नर्सरी व्यवसायी संघ नेपालले मंगलबार पत्रकार सम्मेलन गरी नर्सरी क्षेत्रको एकीकृत रुपमा यस वर्ष पुष्प, फलफुल, कृषिवन तथा जडिबुटी नर्सरीका व्यवसायिक उत्पादनहरु प्रदर्शनीमा राख्ने मेला संयोजक तथा संघका वरिष्ठ उपाध्यक्ष रविन कुमार गौतमले बताए ।

एक्स्पोमा देशभरिबाट पुष्प नर्सरी, फलफूल नर्सरी, कृषि वन नर्सरी तथा जडिबुटी नर्सरीको ७ सयभन्दा बढी प्रजातिका बोटविरुवाहरू प्रदर्शनी तथा बिक्री वितरण हुने गौतमले बताए । यस्तै मलखाद, अर्गानिक एवं रासायनिक विषादी, विउविजन, गमला, औजार उपकरण तथा प्रविधिहरूको समेत स्टल रहनेछ । मेलामा उपत्यका बाहिरबाट समेत नर्सरी व्यवसायीको समेत सहभागिता रहने नर्सरी व्यवसायी संघका अध्यक्ष रामजी प्रसाद तिमिल्सिनाले बताए । एक्स्पोमा ५१ हजार अवलोकनकर्ताले अवलोकन गर्नुका साथै १ करोड २५ लाखभन्दा बढीको कारोवार हुने अपेक्षा गरिएको छ ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

- **PR Officer-10 (Male/Female)**
  +2 passed with 2 years experience in related field
- **Officer Manager-2 (Male/Female)**
  Bachelor passed with 3 years experience in related field
- **IT Officer-1 (Male/Female)**
  Bachelor passed in Information Technology & 2 years experience in related field

Salary Negotiable

**Empire International Pvt. Ltd.**
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715, 9802392340, 9802392341
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
**सामाजिक विकास कार्यालय**
मार्तडी, बाजुरा

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/१२/२५ गते ने स ११४५ चौलाथ्व दशमी सोमबार**

यस सामाजिक विकास कार्यालय मार्तडी बाजुराबाट मिति २०८१/११/१२ गते राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल (www.bolpatra.gov.np) मा प्रकाशित निम्न निर्माण कार्यहरुको विद्युतिय बोलपत्र (E–bidding) प्रणाली मार्फत आब्हान गरिएको सार्वजनिक सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको मूल्याङ्कन गर्दा यस कार्यालयको मूल्याङ्कन समितिको सिफारिस अनुसार तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) र (३) बमोजिम र सोही ऐनको दफा (४७) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिका लागि छनोट गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | ठेक्का नं | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर/पी. एस सहित) |
|---|---|---|---|---|
| 1 | SDO/Bajura /Works/NCB/ 01/081-082 | Devasthali Aa. Bi. Two Room School Building Construction Works At Gaumul R.M. 06, Bajura | Aayush Construction & Order Suppliers Badimalika Mun. 02, Bajura | १६,५६,५५६.७९ (अक्षरेपी सोह्र लाख छपन्न हजार पाँच सय छपन्न रुपैंया उनासी पैंसा) |
| 2 | SDO/Bajura/ Works/NCB/ 02/081-082 | Bhawani Aa. Bi. Two Room School Building Construction Works At Jagnnath R.M. 01, Bajura | New Kalika Nirman Sewa Badimalika mun. 08, Bajura | १८,१५,१७१.८४ (अक्षरेपी अठार लाख पन्ध्र हजार एक सय एकहत्तर रुपैंया चौरासी पैंसा) |
| 3 | SDO/Bajura/ Works/NCB/ 03/081-082 | Kulemastajana Aa. Bi. Two Room School Building Construction Works At Himali R.M. 05, Bajura | Kalika Construction & Order Suppliers Badimalika Mun.08, Bajura | १५,८९,७३७.६४ (अक्षरेपी पन्ध्र लाख उनानब्बे हजार सात सय सैतीस रुपैंया चौसट्ठी पैंसा) |
| 4 | SDO/Bajura /Works/NCB/ 04/081-082 | Janashakti Aa. Bi. Two Room School Building Construction Works At Triveni Mun. 04, Bajura | Parbati Nirman Sewa & Order Suppliers Triveni Mun.04, Bajura | १३,३४,८२८.९७ (अक्षरेपी तेह्र लाख चौंतीस हजार आठ सय अट्ठाईस रुपैंया सन्तानब्बे पैंसा) |
| 5 | SDO/Bajura /Works/NCB/ 05/081-082 | Satyasingh Aa.Bi.Two Room School Building Construction Works Swamikartik R.M. 01, Bajura | Jeshish Construction Swamikartik Khaper R.M 05, Bajura | १२,३२,०७४.३३ (अक्षरेपी बाह्र लाख बत्तीस हजार चौहत्तर रुपैंया तेत्तीस पैंसा) |
| 6 | SDO/Bajura /Works/NCB/ 06/081-082 | Badimalika Campus Hostel Building Construction at Budhiganga Mun.06, Bajura | Karuna Nirman Sewa Badimalika Mun. 10, Bajura | १४,६७,१५२.०४ (अक्षरेपी चौध लाख सतसट्ठी हजार एक सय बाउन्न रुपैंया चार पैंसा) |
| 7 | SDO/Bajura /Works/NCB/ 07/081-082 | Khapardebasthali Ma.Vi. 4 Room SchoolBuilding Construction Works at Khaptadchhedeha R.M. 04, Bajura | ShreekrishnaEngineering Construction Pvt. Ltd. Budhiganga Mun 04, Bajura | ३०,४२,९३७.६४ (अक्षरेपी तीस लाख बयालीस हजार नौ सय सैतीस रुपैंया चौसट्ठी पैंसा) |

**मिन ब. लामिछाने**
**नि. कार्यालय प्रमुख**

**सामाजिक विकास कार्यालय**
धनगढी, कैलाली

**E-Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२६ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को कार्यक्रममा तपशिलका निर्माण कार्यहरु गर्नुपर्ने भएको हुँदा यो सूचना पेश गरिएको छ । विस्तृत जानकारीको लागि Website: bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| S.N. | Contract Indentification Number | Discription of Work | Total Cost Excluding Contingency, Vat & PS (NRs) |
|---|---|---|---|
| 1 | SDO/Works/ NCB/2081/82/48 | Sitakunda MA VI Bhautik Sanrachana Nirman Ghodaghodi-10, Kailali | 25,84,721.66 |
| 2 | SDO/Works/ NCB/2081/82/49 | Anughara, Alpha, Aaradhana Mandali Ko Samudayak Bhawan Nirman Janaki RM & AMP, Mohanyal-06, Kailali | 25,80,811.66 |

**कार्यालय प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
२७ चैत २०८१ बुधबार
9 April 2025, Wednesday

सम्पादकीय

# शान्त प्रश्नलाई निरन्तरता देऊ

मंगलबार काठमाडौंमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले खबरदारी सभा गर्‍यो । विभिन्न क्षेत्रबाट निस्किएको र्‍याली बल्खुमा पुगेर सभामा परिणत भएको थियो । शान्तिपूर्ण रूपमा भएको प्रदर्शनपछि नेताहरूले राज्यलाई प्रश्न गरे । कुनै पनि नागरिकलाई प्रश्न गर्ने अधिकार छ । तर, प्रश्न शान्त र सभ्य हुनुपर्छ, जो मंगलबार बल्खुको प्रदर्शन र सभामा देखियो । यस कार्यक्रमलाई लिएर नेपाल प्रहरीले समेत उस्तै सतर्कता अपनाएको थियो । प्रभावकारी सुरक्षा नीति अपनाएको प्रहरीले यस पटक भने सुरक्षामा चुकेको अपजस खेप्नुपरेन । तर, ११ दिन अगाडि काठमाडौंकै तस्नकुनेमा भएको सुरक्षा चुक र हिंसात्मक प्रदर्शनले धेरैलाई झस्काएको थियो ।

एकातिर प्रदर्शनकारी विरोधका नाममा व्यक्तिगत र सार्वजनिक सम्पत्तिमा क्षति पुर्‍याउनेतिर लाग्ने, अर्कातिर सुरक्षा निकाय अलमलिने अवस्थाले तीनकुनेको घटनामा २ जनाले ज्यान गुमाए । धेरै घाइते छन् । राप्रपाको समेत नैतिक समर्थन रहेको तीनकुने घटनाले त्रसित काठमाडौंवासी मंगलबार राप्रपा र सरकार दुवैलाई नियालिरहेका थिए । राप्रपा र सरकार दुवैले विगतमा गरेका कमजोरी सुधारे । आवश्यक सतर्कता अपनाए, जसले सभालाई विरोधको शैली जस्तो बनाउन सक्यो । यसले संविधान प्रदत्त अधिकार प्रयोगलाई सघाउ नै पुर्‍याउँछ । तर, दुवै पक्षले ख्याल गर्नुपर्छ– तीनकुने घटनालाई मंगलबारको सभाले छोप्न सक्दैन । राप्रपाका नेताहरूले तीनकुने घटनामा पक्राउ परेका आफ्ना पार्टीका नेता निर्दोष रहेका दाबी गरे । निःशर्त छाड्न आग्रह गरे ।

सरकारले पनि तीनकुने घटनामा दोषी प्रदर्शनकारी नै देखाएको छ । पक्राउ परेका राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री धवलशम्शेर जबरासमेतको अभिव्यक्तिले तीनकुने घटना हिंसात्मक भएको प्रहरीको दाबी छ । राप्रपा नेताहरू भने आफ्ना पार्टीका नेता निर्दोष रहेको सार्वजनिक दाबी गरिरहेका छन् । दुवै पक्षले गल्ती नगरेका भए ज्यान जानेगरी भएको घटनाको दोषी को ? दुवै पक्षले जबाफ दिन सक्नुपर्छ । यस निम्ति आवश्यक परे स्वतन्त्र आयोग वा निकाय नै बनाउनुपर्छ । तर, हिंसात्मक घटनाको दोषी जनताले थाहा पाउनुपर्छ । दोषीले कानुनअनुसार सजाय भोग्नुपर्छ ताकि आगामी दिनमा त्यस्तो गल्ती गर्ने सोच अन्यले नराखून् । सरकार र प्रदर्शनकारीले पनि गल्तीबाट पाठ सिकेर आफ्ना नीति अवलम्बन गर्नुपर्छ । राजनीतिक रूपमा असहमति राख्न सकिने व्यवस्था नै लोकतन्त्र हो । लोकतन्त्रको सदुपयोग गर्दै गर्दा मान्छेको बाँच्न पाउने अधिकार हनन हुनु हुँदैन । व्यक्तिगत र सार्वजनिक सम्पत्तिमा क्षति हुनु हुँदैन । यस निम्ति शान्त प्रश्न गर्न पाउने र गर्ने वातावरण बनाइयोस् ।

# नेतृत्वलाई सच्चिने मौका

*सडकको प्रदर्शन गणतन्त्रविरुद्ध मात्र नभएर समग्र शासन प्रणालीप्रति निराशा व्यक्त गर्ने माध्यम बनेको छ, जसलाई समयमै सम्बोधन नगरिएमा यसले निकै नराम्रो रूप लिने अवस्था आउन सक्छ...*

अग्रलेख



● खिमराज गिरी

अहिले देशमा गणतान्त्रिक शासन व्यवस्था छ । मानिसहरूले निर्धक्क रूपमा बोल्न, हिँडडुल गर्न, आफ्नो अधिकार प्रयोग गर्न पाइरहेको अवस्था छ भनिन्छ ।

हुनत, विगतका व्यवस्थाहरूभन्दा प्रजातन्त्र र गणतन्त्रमा मानिसहरूलाई हरेक कुराहरूमा स्वतन्त्रता छ नै । तथापि, हाल नेपालमा एकातिर राजावादीहरूले आन्दोलन गरिरहेको अवस्था छ भने अर्कातर्फ शिक्षा विधेयकलाई लिएर शिक्षक महासंघको आन्दोलन चर्किरहेको छ ।

त्यस्तै, अर्कातिर नेकपा एमाले र नेपाली कांग्रेस सरकारमा छन् भने नेकपा (माओवादी केन्द्र)लगायत विपक्षी दलहरू पनि अघोषित रूपमा आन्दोलनमा छन् । एकातर्फ गणतन्त्र बचाउनका लागि आन्दोलित छन् भने अर्कातर्फ सरकारको रवैया मनपरेन भनेर आक्रोश पोखेको अवस्था छ ।

आज नेपाली जनताको आर्थिक अवस्था नाजुक अवस्थामा छ । तथापि, रेमिटचान्सले मुलुक धानिएको पक्कै पनि हो । अहिले जताततै चिया पसल, चौतारी, सडक तथा चुलाचौकामा सर्वसाधारण जनतामा भएको बहस प्रदेश हटाउने, प्रतिनिधिसभामा १०० जनाको सदस्यता कायम राख्ने, कार्यकारी प्रधानमन्त्री प्रत्यक्ष रूपमा जनताद्वारा चुनिने, १० वटा मन्त्रालय मात्र राख्ने र प्रधानमन्त्रीले सम्बन्धित मन्त्रालयमा विज्ञ व्यक्तिलाई मन्त्रीमा नियुक्त गर्ने, प्रदेशको काम कारबाही स्थानीय पालिकालाई दिने र भ्रष्टाचार निष्पक्ष निकायले हेर्ने छ ।

प्रत्येक जनप्रतिनिधिले लिँदै आएको सेवा सुविधामा कटौती गरी त्यसलाई समयानुकूल बनाउने, हरेक पालिका तथा मन्त्रालय प्रमुखले राख्दै आएको आफन्त स्वकीय सचिव तथा मनलाग्दी रूपमा करारमा भर्ना गरिएको कर्मचारी कटौती गर्ने हो भने नेपाल देश उन्नत बन्नका लागि दशक कुर्नै पर्दैन । तर, भ्रष्टाचारको क्यान्सर रोगले ग्रस्त यो मुलुकमा यस्तो व्यवस्थामा सुधार गर्नका लागि धेरै नै परिवर्तन ल्याउनुपर्छ ।

मुलुकमा सत्तारूढ तथा अन्य केही दलका नेताहरूलाई सामाजिक संजालमा गालीगलौजको आँधीबेहरी र तुफान मच्चाइएको अवस्था एकातिर छ भने अर्कातिर मूलधारका मिडियाहरूलाई राजावादीहरूको आन्दोलनको सत्यतथ्य रिपोर्ट नगरेका भन्ने आरोप छ ।

उता, युटचुबरहरूले भने संजालमा भ्युज बटुलेर राम्रै आम्दानी गरेको अवस्था छ । त्यही युटचुब छ र त हामी विद्वान्हरूको विद्वता प्रकट गर्न पाइएको छ भनेर केही बुद्धिजीवीहरू बहकाइरहेका अवस्था पनि छ ।

यसरी अर्कातिर सत्तारूढ दलका केही सांसदहरू भने आगामी चुनावमा जनताबाट तिरष्कृत हुन नपरोस् भनी सरकारको विरोध गरी सामाजिक संजालमा जनताको मत बटुलिरहेको दोहोरो चरित्रको अवस्था पनि नदेखिएको होइन ।

विदेशीहरूको नेपाललाई हेर्ने दृष्टिकोणको मूल्यांकन गर्ने हो भने अमेरिकाले यूएसएडलगायत अन्य दिँदै आइरहेको केही योजनाहरू बन्द गरेको अवस्था छ भने एमसीसी पनि रोकेको छ ।

यो संसारमा केही युरोपेली मुलुकबाहेक प्रायः मुलुकहरू आन्तरिक तथा बाह्य द्वन्द्वमा नरुमलिएका कमै पाइन्छन् । भर्खर मात्र दोस्रो कार्यकाल सम्हालेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले परिवर्तन गरेको विदेशी आर्थिक नीतिका कारण बाहिर उनकै दलले समर्थन गरेर हाइहाइ बटुले पनि अहिले कार्यभार सम्हालेको ७५ दिन बित्न नपाउँदै अमेरिकाभर विरोध प्रदर्शन भइरहेको छ ।

ट्रम्पको आदेश र उनका सहयोगी भूमिकामा रहेका मस्कको भूमिकाबारे विरोधमा लाखौं मानिसहरू अहिले आन्दोलनमा उत्रिएका अवस्था छ । खासगरी ट्रम्प प्रशासनले गरेका पछिल्ला आदेश र 'डज' भनिने सरकारी दक्षता विभागको नेतृत्व सम्हालेका एलन मस्कले व्यक्तिगत डेटामा निगरानी बढाउने तथा सरकारी निकायमा गरिरहेको हस्तक्षेपविरुद्ध विरोध हुँदै आएको छ ।




ता, इजरायल तथा हमास युद्ध साम्य भयो भनिए तापनि झन् चर्किने संकेत देखिँदै छ । अर्कातिर रुसले युक्रेनविरुद्धको युद्ध छेडिरहेको अवस्था छ र अब थप लाखौं सैनिक भर्ना गर्ने उद्घोष गरेको छ ।

अमेरिकाले हालसालै नेपालीभाषी भुटानी शरणार्थीहरूलाई भुटान डिपोर्ट गरे पनि भुटानले आधिकारिक प्रमाण नष्ट गरी नेपालमा नै लखेटेको अवस्था र यसले गर्दा नेपालले पनि अब गम्भीर रूपमा सोच्नुपर्ने समय आएको छ ।

अब पुनः नेपालतिर फर्केर हेर्दा, नेपालमा गणतन्त्र आएको पनि करिब २ दशक भइसक्यो । हालका केही वर्षहरूमा जनताका छोरा-छोरी राष्ट्र प्रमुख तथा सरकार प्रमुख बनिरहेको अवस्था छ । २००७ सालको प्रजातन्त्र प्राप्तिपश्चात् एक दशकमा दलहरूकै कलहका कारण राजा शक्तिशाली भएर दलहरूमाथि प्रतिबन्ध लगाए ।

पछि ३० वर्षको पञ्चायती व्यवस्थामा नेपालीहरूका हक र अधिकार तथा बोल्ने तथा हिँडडुल गर्ने स्वतन्त्रतामाथि पनि अंकुश लगाइयो । बिस्तारै राजाको कदममाथि धावा बोल्दै नेपाली जनताले २०४६ सालमा संवैधानिक राजतन्त्रको अवस्थासम्म ल्याउन सफल भए । तत्पश्चात् २०५२ सालमा माओवादी विद्रोह भयो र करिब १ दशक नेपाली जनता र देश जानी या नजानी क्रान्तिमा होमिएको अवस्था रह्यो ।

तैपनि २०६२/०६३ सालको आन्दोलन पूर्वराजा ज्ञानेन्द्रको निरकुंश कदमविरुद्ध चर्कियो र गणतन्त्र स्थापना भयो । हाल आएर पछिल्लो केही समयपश्चात् गणतन्त्रवादी नेताहरूको शासन शैलीमा प्रश्न चिह्न लगाउँदै केही राजावादी शक्तिहरूले गणतन्त्रविरोधी नारा लगाइरहेका अवस्था छ ।

र, गत १५ चैतमा काठमाडौंको तीनकुनेमा भएको राजावादीहरूको आन्दोलन धनजनको क्षतिको कारक बन्यो ।

राजावादीहरूको आन्दोलनमा जम्मा भएका ती व्यक्तिहरू साँच्चै नै गणतन्त्रविरोधी भएर आएका हुन् या गणतन्त्रवादी नेताहरूको सत्ता संचालनबाट वाक्क दिक्क भएर हो, त्यो विषयमा सबै जानकार छन् । तथापि, देशमा भइरहेको आर्थिक मन्दी, विभिन्न क्षेत्रमा भएको भ्रष्टाचार, विकृति तथा विसंगति, नातावाद तथा कृपावाद, बढ्दो बेरोजगारी, युवाहरूको विदेश पलायन आदि कारणका उपजले नै वास्तवमा राजतन्त्रवादीहरूले आगोमा घीउ थप्ने मेलोमेसो मिलाएको देखिन्छ ।

*आज जनता महँगीको मारमा छन् । स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता आधारभूत कुराहरु सुनिश्चित नहुँदा समस्यामा छन् तर नेतृत्वले जनतालाई आश्वस्त पार्नेगरी कहिल्यै पनि व्यवहार देखाउन सकेन, जसका कारण निराशा थोपरिने अवस्था बन्यो...*

गणतन्त्र स्थापनापछिको २ दशकमा यस्ता थुप्रै कारण देखिएका छन् ।

विशेषगरी राजावादीहरूको आन्दोलनको उदय हुनुको प्रमुख कारण भनेको अहिले नेतृत्वसँगै कुशासनको अवस्था हो । आज जनता महँगीको मारमा छन्, आज जनता स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता आधारभूत कुराहरू सुनिश्चित नहुँदा समस्यामा छन् । तर, नेतृत्वले जनतालाई आश्वस्त पार्नेगरी कहिल्यै पनि व्यवहार देखाउन सकेन ।

गणतन्त्रको उद्देश्य भनेको सुशासन, जनउत्तरदायित्व र समान अवसरहरूको प्रत्याभूति हो । तर, दलहरूबीचमा सत्ता स्वार्थका लागि आफैं-आफैं जुध्ने र जस्तोसुकै परिस्थितिमा पनि सत्ताका लागि सम्झौता गर्न पछि नहट्ने तथा नातावाद, परिवारवाद आदिका कारणले पनि जनतामा गणतन्त्रप्रति निराशा बढ्दै गएको हो ।

राजनीतिक अस्थिरताको प्रमुख कारक तत्त्व भनेको सत्ता स्वार्थका लागि सत्ता परिवर्तन भइरहनु पनि हो, जसले जनताको दैनिक आवश्यकता तथा विकासको काममा त्यति ध्यान दिएन । दीर्घकालीन आर्थिक विकासको परियोजना कागजमा सीमित हुने स्थिति बनायो ।

त्यसैले, सडकको प्रदर्शन गणतन्त्रविरुद्ध मात्र नभएर समग्र शासन प्रणालीप्रति निराशा व्यक्त गर्ने माध्यम बनेको छ, जसलाई समयमै सम्बोधन नगरिएमा यसले निकै नराम्रो रूप लिने अवस्था आउन सक्छ । दलहरूका लागि यो सच्चिने मौका पनि हो ।

## इतिहासमा आज

९ अप्रिल १४१३ मा हेनरी पाँचौं वेस्टमिन्स्टर एबेमा इंग्ल्यान्डका राजा बनेका थिए ।



९ अप्रिल १६९१ मा फ्रान्सेली सेनाले मोन्स कब्जा गरेको थियो ।



९ अप्रिल १८३३ मा अमेरिकाले पहिलो सार्वजनिक पुस्तकालय पिटरबरो, न्यु ह्याम्पसायरमा खोलेको थियो ।



९ अप्रिल १९५५ मा अमेरिकाले नेभाडा परीक्षण स्थलमा आणविक परीक्षण गरेको थियो ।



# व्यापारघाटा कसरी घटाउने ?

विचार



● राजेन्द्र गजुरेल

*व्यापारघाटा केवल आर्थिक आँकडाको कुरा होइन, यो उत्पादन र उपभोगबीचको सन्तुलनको संकेत पनि हो । स्वदेशी उत्पादनमा आत्मनिर्भर बन्ने, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुने र विवेकपूर्ण आयात नीतिमा जानु नै यसको समाधानको बाटो हो...*

व्यापारघाटा कुनै पनि राष्ट्रको समग्र आर्थिक स्वास्थ्यका लागि चिन्ताजनक विषय हो । व्यापारघाटा भन्नाले देशले आयात गरेको वस्तु तथा सेवाको मूल्य, देशले निर्यात गरेको वस्तु तथा सेवाको मूल्यभन्दा बढी भएको अवस्था जनाउँछ ।

नेपाल जस्तो विकासोन्मुख राष्ट्रका लागि यो झनै चुनौतीपूर्ण समस्या हो, जसको समाधानले दीर्घकालीन समृद्धिको बाटो खोल्न सक्छ ।

व्यापारघाटा घटाउने मुख्य उपाय भनेको निर्यात वृद्धिका साथसाथै आयात प्रतिस्थापन गर्ने रणनीति अवलम्बन गर्नु हो । नेपालले आजको दिनमा अत्यधिक मात्रामा पेट्रोलियम पदार्थ, अन्न, फलफूल, तयारी कपडा, औषधि, विद्युतीय सामानलगायतका वस्तुहरू आयात गरिरहेको छ, जुन वस्तुहरू केही हदसम्म देशभित्रै उत्पादन गर्न सकिने क्षमता छ ।

त्यसैले, आयात प्रतिस्थापनका लागि स्थानीय उत्पादनमा जोड दिनु अत्यावश्यक हुन्छ । उदाहरणस्वरूप, धान, गहुँ, मकै जस्ता अन्नहरू नेपालमै उत्पादन गर्न सक्ने सम्भावना उच्च छ तर कृषि प्रणालीको आधुनिकीकरण, सिँचाइ सुविधा, बिउ-बीजनको गुणस्तर र किसानको प्रोत्साहनमा कमी भएका कारण हामी अझै पनि ठूलो परिमाणमा खाद्यान्न आयात गर्न बाध्य छौं ।

स्थानीय उद्योग र उत्पादन प्रणालीलाई प्रवर्द्धन गर्ने हो भने आयातमा निर्भरता घट्ने छ । लघु तथा घरेलु उद्योग, हस्तकला, बुनाइ, कृषि आधारित उद्योगहरूमा लगानी तथा प्राविधिक सहयोग दिएर उत्पादन वृद्धि गर्न सकिन्छ ।

साथै, सरकारद्वारा उद्योग स्थापना गर्नका लागि सहज नीतिगत व्यवस्था र कर छुटको व्यवस्था गरिएको खण्डमा स्वदेशी उत्पादनमा रुचि बढ्न सक्छ । यी उद्योगले आयात प्रतिस्थापनमा मात्र नभई निर्यात वृद्धिमा पनि योगदान दिन सक्छन् ।

निर्यात बढाउने अर्को उपाय भनेको अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको पहुँच विस्तार गर्नु हो । हाल नेपाली उत्पादनले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसक्नुको कारण गुणस्तर, प्याकेजिङ, नियमितता र प्रमाणीकरण जस्ता पक्षमा कमजोरी हुनु हो । यी पक्षलाई सुधार गर्न सरकार, निजी क्षेत्र, तथा सहकारी संस्थाबीच समन्वय आवश्यक हुन्छ ।

साथै, प्राविधिक शिक्षा तथा तालिम कार्यक्रममार्फत युवाहरूलाई उत्पादक क्षेत्रमा आकर्षित गरिनु आवश्यक छ । कृषि, पर्यटन, जलस्रोत, जडीबुटी, हाइड्रोपावर जस्ता क्षेत्रमा हाम्रो तुलनात्मक लाभ छ । यस्ता क्षेत्रमा लगानी बढाएर निर्यातयोग्य उत्पादनमा जोड दिनुपर्छ ।

विदेशी लगानी भित्र्याउने पनि व्यापारघाटा कम गर्ने उपाय हो । विदेशी लगानीले नयाँ प्रविधि, दक्षता र पुँजी भित्र्याउने मात्र होइन, निर्यातमुखी उद्योगको विकास गर्न पनि सघाउ पुर्‍याउँछ । तर, त्यसका लागि लगानीमैत्री वातावरण, स्पष्ट नीति र स्थायित्व अपरिहार्य हुन्छ । प्रशासनिक प्रक्रिया सहज, पारदर्शी र उत्तरदायी हुनुपर्छ ।

भन्सार नीतिमा पनि सुधार आवश्यक छ । अत्यावश्यक वस्तुबाहेकका वस्तुहरूमा उच्च कर लगाएर अनावश्यक आयात निरुत्साहित गर्न सकिन्छ । तर, यसो गर्दा कालोबजारी र तस्करी नफैलियोस् भन्ने सुनिश्चित गर्न भन्सार र सुरक्षातन्त्र सशक्त हुनुपर्छ ।


वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिटचान्सलाई समेत उत्पादनमुखी क्षेत्रमा लगानी गर्ने वातावरण बनाइनुपर्छ । हाल अधिकांश रेमिटचान्स उपभोगमै खर्च हुने गरेको अवस्थामा त्यो रकम बचत र लगानीतर्फ मोडिन सक्ने योजना आवश्यक छ ।

सरकारले आकर्षक योजना ल्याई रेमिटचान्सलाई उद्योग, कृषि, पर्यटन वा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रेरणा दिनुपर्छ ।

आखिर, व्यापारघाटा केवल आर्थिक आँकडाको कुरा होइन; यो उत्पादन र उपभोगबीचको सन्तुलनको संकेत पनि हो । स्वदेशी उत्पादनमा आत्मनिर्भर बन्ने, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी हुने र विवेकपूर्ण आयात नीतिमा जानु नै यसको समाधानको बाटो हो । यसका लागि सरकार, निजी क्षेत्र, सहकारी संस्था, नागरिक समाज र आमनागरिक सबैको साझा प्रयास अपरिहार्य छ ।

समृद्ध नेपाल निर्माणको सपना तब मात्र साकार हुन्छ, जब देश आफैं उत्पादन गर्ने, निर्यात बढाउने र आयात घटाउने दिशामा दृढताका साथ अघि बढ्छ ।

## सामाजिक सञ्जाल



सेतेमान तामाङ

नेपालगन्जमा जननायक एवं महामानव बीपी कोइरालाको सालिकमा कालोमोसो दलेर तोडफोड गर्ने प्रयत्न गर्नु निन्दनीय छ । यदि संयमित हुन सकेन भने आगामी दिनहरूमा कडा मूल्य चुक्नुपर्ने अवस्था आउन सक्छ । यो चेतावनी होइन, खबरदारी मात्रै हो । हेक्का राखौं ।



प्रेमकान्त अधिकारी

अग्रगमनतर्फ उन्मुख गराउन र गर्न भनेर आन्दोलन भयो, नयाँ संघीय गणतन्त्रात्मक लोकतान्त्रिक संविधान बन्यो । भाषणमा भाष्य पनि अग्रगमन र क्रान्तिकारीकै हुन्छन् तर जब केही निर्णय गर्नुपर्ने परिस्थिति आउँछ अनि विचार, चिन्तन, निष्कर्ष कार्यान्वयन व्यवहार त उही पश्चगमन र पश्चात्ताप ।



लोकेश ढकाल

प्रधानमन्त्रीज्यूले 'संविधानकै शपथ खाएर सविधानै मान्दिनँ भन्न पाइन्छ ?' भन्नुभयो । ठीकै भन्नुभो, तर यो पनि स्वीकार गर्नुहोस् प्रमज्यू, २०४७ को संविधानबमोजिम शपथ खाएर त्यही संविधानलाई च्यात्नेमध्ये त तपाईंको दल पनि हो नि कि कसो ? बडाले बाटो देखाएपछि त हुने यस्तै हो ।



बाबुलाल भण्डारी

वीरेन्द्र र ज्ञानेन्द्रले नागरिकतालगायतका भारतीय शर्त नमान्दा के भयो ? सबैलाई थाहा छ । नयाँ दल र नेताहरू आएपछि भारतीयलाई नागरिकता खुकुलो पार्दै आधार वर्षसमेत बदल्दै छन् । तिरंगाको आशीर्वाद पाए यिनले सबै सुम्पिन्छन् । तर, किन हो, बामपन्थी मित्रहरूको बुझाइ अझै २०१७ सालमा अड्किएको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# लालु लैफुदेखि रास्कोट सडकखण्ड संचालनमा

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २६ चैत



सम्झौताको १ वर्ष अगावै लालु लैफुदेखि रास्कोटसम्मको सडक सम्पन्न भएको छ। उक्त सडकको युवा निर्माण व्यवसायी मानव बमसँग सम्झौता भएको थियो । लैफुदेखि रास्कोटसम्म सडक संचालनमा आइसकेको र कोटिलादेखि रास्कोटसम्म अबको ३ देखि ४ महिनाभित्र कार्यसम्पन्न हुने कालिकोट भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख हरि धितालले जानकारी दिए।

निर्माण व्यवसायीको लापरबाहीका कारण विकास योजना ढिलासुस्ती, गुणस्तरहीन हुने गुनासो सुनिने गरिन्छ। तर कालीकोटको रास्कोट नगरपालिकामा ५ का युवा निर्माण व्यवसायी बमले कामको गुणस्तर प्रभावसँगै समयसीमा अगावै काम सम्पन्न गरेका छन्।

जिल्लाको नरहरिनाथ गाउँपालिकाबाट रामारोशन पर्यकीय क्षेत्र अछामको रामारोशन जोड्ने पर्यटकीय सडक लालु लैफु, कोटवाडा रूप्सा हुँदै सुदुरपश्चिम प्रदेशको रामारोशन जोड्ने निर्माणाधिन पर्यटकीय सडकको काम निर्माण व्यवसायी बमले प्राथमिकताका साथ निमार्ण कार्यलाई तीव्रता दिएका छन्।

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघका सचिव समेत रहेका बमले आफुले लिएको निर्माणको काम समयभन्दा अगाडिनै सक्ने गरेको दाबी गरे। लक्ष्य पूरा गर्न सडक निर्माणको काममा रातदिन लागि परेको र कामको कार्यसम्पन्न गर्ने मिति २०८०/१०/२४ सम्झौता २०८३/४/२४ सम्म रहेपनि १ वर्ष अगावै काम सकेको र अब अन्तिम चरणमा रहेको कालीकोट भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख धितालले बताए।

कर्णाली प्रदेश सरकारका तत्कालिन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले आफ्नो कार्यकालमा चार वर्षअघि रामारोशनलाई जोड्न आन्तरिक र बाह्य पर्यटकलाई रामारोशन, बडिमालिका त्रिवेणी र रारासम्म आवतजावत गर्न सजिलो होस् भन्ने उद्देश्यले त्यस क्षेत्रमा ठूलो बजेट विनियोजन गरेका थिए।

पर्यटक भित्र्याउने लक्ष्यका साथ कामको थालनी गरेको पर्यटकीय मार्ग रामारोशन खुलालु मार्गको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। यो सडकले कालीकोटको कर्णालीपारिका पचाँल झरना, रास्कोट, सान्नी त्रिवेणी र नरहरिनाथ गाउँपालिकाको सबै भू-भाग सडक संजालमा जोडिने छ। बजेट थोरै विनियोजन हुने, वर्षमा काम नहुने भएका कारण विगतमा कछुवा गतिमा निर्माण भइरहेको सडकको काम पछिल्ला केही वर्ष तीव्र गतिमा हुने गरेको छ।

कालीकोटकै महेन्द्रबहादुर शाही मुख्यमन्त्री भएपछि कर्णालीको पर्यटन क्षेत्र सुधारका लागि भन्दै बडीमालिका त्रिवेणी, देउरा पाटन, पिलियुद्ध पर्यटन, पचाल झरना र रारासम्म पुग्न दर्जनौं क्षेत्रमा ठूलो बजेट छुट्याएका थिए।

सोही शिलशिलामा लालुलैफु सडकको ट्र्याक खोल्ने र स्तरोन्नतिको लागि बजेट विनियोजन गरेका थिए। सडकको ट्र्याक खुलेसँगै स्तरोन्नति र ग्रावेलको काम पनि सँगसँगै हुने गरेको छ। कालीकोट भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख धितालले कालीकोटको पर्यटन तथा कृषि र जैविक विविधतासँग जोडिएको ग्रामीण सडकमार्गको निर्माणका लागि सडकलाई लक्षित गरेर कालीकोट र अछामलाई जोड्ने ग्रामीण सडकलाई प्राथमिकताका साथ बजेट विनियोजन हुनु र काम पनि समयमै चाडो हुनुले केही वर्षमै अब लालुलैफुसडक संचालनमा आउने बताए। खड्का कृष्ण न्यौपाने जेभी निर्माण सेवाले हाल पनि काम गरिरहेको र त्यो काम अन्तिम चरणमा रहेको सडकमा २०८०/०८१ मा पनि ठूलो बजेटको काम भइरहेको छ।

# राप्रपा बझाङको मसाल जुलुस



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २६ चैत

राप्रपा बझाङले आफ्ना पार्टीका नेता तथा कार्यकर्तालाई विनाशर्त रिहाई गर्न माग गर्दै मसाल जुलुस निकालेको छ। शुक्रबार काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनपछि पार्टीका उपाध्यक्ष रविन्द्र मिश्र र महामन्त्री धवल शमशेर राणा लगायतका नेताहरुलाई प्रहरीले पक्राउ गरेको छ।

मंगलबार बझाङको सदरमुकाम चैनपुरमापनि राप्रपाले मसाल जुलुस निकालेको हो। मसाल जुलुसमा राप्रपा निकट युवा संघ बझाङका जिल्ला अध्यक्ष राजीव भण्डारीले पक्राउ परेका नेताहरुलाई बिना शर्त रिहा गर्न माग गरे।

आफ्नूहरुको माग र आन्दोलनलाई वेवास्ता गरे थप संघर्षका कार्यक्रम घोषणा गर्ने र यसको सबै जिम्मेवार सरकार हुनुपर्ने उनको भनाइ छ। विरोध कार्यक्रममा राजसंस्था जिन्दावाद, हिन्दु राष्ट्र कायम गर, पक्राउ परेका नेताहरुलाई विना शर्त रिहा गर लगायतका नारा लगाएका थिए। मसाल जुलुसमा राप्रापा निकट प्रर्यटन विभागका केन्द्रीय सदस्य किशोर खड्का, राप्रपाका पूर्व जिल्ला अध्यक्ष विश्वप्रकाश जेठारा लगायत युवा नेताहरूको सहभागीता रहेको थियो।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०३/०६ मा दर्ता भएको **प्रा.लि. नं. १५११३१** को **म्याकसीमाइण्ड एण्ड सुपरटोन इलेट्रोनीक टेक्नोलोजी प्रा.लि.** को मिति २०८१/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६४/१२/१७ मा दर्ता भएको **प्रा.लि. नं. ५२५९३** को **र्‍यापिड प्रिन्टिङ्ग प्रेस प्रा.लि.** को मिति २०८१/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५३/०६/०३ मा दर्ता भएको **प्रा.लि. नं. ५५०१** को **मल्टी टेक कम्प्यूटर सिष्टम प्रा.लि.** को मिति २०८१/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०१/१० मा दर्ता भएको **प्रा.लि. नं. ५२८७१** को **र्‍यापिड कम्युनिकेशन नेटवर्कस् प्रा.लि.** को मिति २०८१/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/०७ मा दर्ता भएको **प्रा.लि. नं. २३०९५८** को **पर्ल्स फाउण्डेशन प्रा.लि.** को मिति २०८१/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१।१२।२७**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८/०५/०८ मा स्वीकृति प्राप्त भई साविक कम्पनी **लजिकल एजुकेशनल ग्रुप प्रा.लि. (प्रा.लि. नं. २१२७४९)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नऋण धन, कर दायित्व आदि परिवर्तित नामको **बागेश्वरी ट्रेडर्स एण्ड मिडिया हब प्रा.लि.** अङ्ग्रेजीमा **Bageshwori Traders And Media Hub Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०३/०६ मा दर्ता भएको **प्रा.लि. नं. १५११३०** को **हेभन टेक्नोलोजी प्रा.लि.** को मिति २०८१/१२/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८४१३४०४०३**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/२७**

**डि.एस.सि. टुर्स एण्ड ट्राभल** को २०८१/११/२४ गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **डेष्टिनेशन लिङ्क टुर्स एण्ड ट्राभल (प्रा.लि. नं.: ३३६५७३)** कायम गर्ने गरी मिति २०८१/१२/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## युएईमा रोजगार

कम्पनी : AL MABIA CONSTRUCTION LLC — शहर: Dubai
पूर्व स्वीकृत मिति: २०८१/१२/२५ — चलानी नं.: ६०२३५७४५ — LT. No.: 321429

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 96 | 0 | स. काममा दक्ष | 1000 | ३७,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ बैशाख ३ गते (16 april 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Futurecraft H.R.Solution Pvt.Ltd** — श्रम इजाजत नं. १६८५/०८०/०८१
Tokha -10, SamaKhusi Kathmandu, Nepal. Tel No: 01-4972001/4972000 — E-mail: info@futurecrafthr.com

## Kuwait मा रोजगार — Mohamesh and Moqramesh Mobile Snacks Company

पूर्व स्वीकृती मिति: २०८१/१२/२५ — चलानी नं. ६०२३५७७८ — LT No. : 321676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Light Driver | 2 | 0 | | 135 | ६०,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Kitchen Helper | 4 | 0 | | 90 | ५५,८००।- | | | | | | | |

**अन्तरवार्ता: २०८२ बैशाख ३ गते (16 April, 2025) यस प्रा. लि. कार्यालय सामाखुसीमा हुनेछ ।**

**Euro Asia H.R. Solutions Pvt. Ltd.** — Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Nepal Tel : 01-4980875, 4965521
Mob: 9851048235, 9851042984, 9851159503
Email: myeuroasiahr@gmail.com | Web: www.euroasiagroups.com

## Malaysia मा रोजगारको अवसर

**1. Gnt Security Services Sdn. Bhd.** — पूर्व स्वीकृति मिति: २०८१/१२/२६ — चलानी नं.:६०२३५७८७ — LT No. 321634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 150 | काममा दक्ष | 1700 | ५२,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. Seagull Protection Services Sdn. Bhd.** — पूर्व स्वीकृति मिति: २०८१/१२/२६ — चलानी नं.:६०२३५७८८ — LT No. 321636

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 10 | काममा दक्ष | 1700 | ५२,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**3. Op Security Services Sdn. Bhd.** — पूर्व स्वीकृति मिति: २०८१/१२/२६ — चलानी नं.:६०२३५७८६ — LT No. 321633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 40 | काममा दक्ष | 1700 | ५२,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता २०८२ बैशाख ३ गते (16 April, 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौंमा हुनेछ ।**

**रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि.** — श्रम ईजाजत नं.: ६१८/०६३/६४
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२

## जापानमा रोजगारको अवसर — Seven Samurai Cooperative

पुर्व स्वीकृती मिति: २०८१/१२/२६. — चलानी नं.६०२३५७९१ — LT No.: 321705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scaffolding | 3 | काममा दक्ष | 1,87,470 | १,७६,२५५।- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु.५०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निम्ति सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि।

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : रु ५०,०००/-
३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८२ बैशाख ३ गते (16 April, 2025) हुनेछ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्। २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा विमा गराउनुहोस्। ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसंग राख्नुहोस्। ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। बैदेशिक रोजगारमा जांदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।**

**गण्डकी ओभरसिज कन्सर्न प्रा. लि.** — श्रम ईजाजत नं.: ११५/०५५/०५६
मिनभवन, काठमाण्डौं, फोन.: ०१-४५९५७४९, ९८५११०९३९१, ९८५१०८१७७४

## जापानमा रोजगार — Company: TDI Business Cooperative

पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/०९/०९ — चलानी नं. ६०२३०२५१ — LT No.: 315924

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction | 2 | काममा दक्ष | 1,75,000 | १,६२,७५०।- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु.५०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्बन्धि कामको निम्ति सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि।

**१) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April, 2025) हुनेछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्। २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्। ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्। ५) अनिवार्य रुपमा विमा गराउनुहोस्। ६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसंग राख्नुहोस्। ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। बैदेशिक रोजगारमा जांदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ। ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्। ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्। १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोट: इच्छुक निवेदकहरुको जापानिज भाषामा कम्तिमा N5 Pass गरेको हुनुपर्नेछ।**

**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.** — श्रम इजाजत नं.: १०३/०५४/०५५
कुलेश्वर, काठमाडौ, फोन: ०१-५३७२०८०, ५३०१३५९, ९८५११७६६०५, ९८६०७७८०३५ Email : awsnepal@gmail.com

## युएईमा रोजगार

कम्पनी : EVER GOLD BUILDING CLEANING — शहर : UAE
पुर्व स्वीकृत मिति: २०८१/०९/२४ — चलानी नं.: ६०२३१०४३ — LT. No.: 316761 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 107 | 0 | स. काममा दक्ष | 900 | ३३,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**एस.एल.डी ईन्टरनेशनल प्रा.लि.** — श्रम इजाजत नं. ६७२/०६३/६४
बसुन्धरा चौकी, धापासी, काठमाडौं, फोन नं. ०१- ५९०२८२४, ५९०२८२५ मो.:९८५१०४७३६५, ९८१८६२८४४८.

## बहराइनमा रोजगार

कम्पनी: AL DOOR EXCAVATION & BUILDING CONTRACTING CO. W.L.L — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८१/०५/२७ — चलानी नं.: ६०२२५२५१ — L.T. No.: 310650 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 14 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४३,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 5 | 0 | | 120 | ४३,६१६ | | | | | | | |
| 3. | Worker | 42 | 0 | | 100 | ३६,३४७ | | | | | | | |

## साउदीमा रोजगार

कम्पनी: AL MAWARID RECRUITMENT COMPANY. — शहर: Rawdah
पूर्व स्वीकृत मिति: २०८१/१२/२६ — चलानी नं.: ६०२३५८३८ — L.T. No.: 321753

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 40 | 0 | स. काममा दक्ष | 2500 | ९१,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीको रु. १०,००० बहराइनको निशुल्क |

**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.** — श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौ, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## साउदीमा रोजगार

कम्पनी: ALMAJAL ALARABI GROUP OF COMPANIES — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/२५ — चलानी नं.: ६०२३५७७१ — LT. No.:321687

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Hospital-Indoor) | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 50 | 0 | | 1000 | ३६,५०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**Paramount Employment Consultant Pvt. Ltd.** — Govt. Lic No.:417/060/061
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052
Email: admin@paramount-consultant.com | Web: www.paramountconsultant.com

## Kuwait मा रोजगार — Vevey Pies & Pastry Co. (Vevey Pies & Pastries Co. W.L.L.

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/४/१७ — चलानी नं. ६०२२२९९७ — LT# 308312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Accountant | 2 | 0 | काममा दक्ष | 200 | ८९,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Assistant Baker | 2 | 0 | | 130 | ५७,८००।- | | | | | | | |
| ३. | Assistant Cake Maker | 1 | 0 | | 130 | ५७,८००।- | | | | | | | |
| ४. | Assistant Chocolate Maker | 2 | 0 | | 130 | ५७,८००।- | | | | | | | |
| ५. | Cleaners | 2 | 0 | | 85 | ३७,८००।- | | | | | | | |
| ६. | Light Driver | 1 | 0 | | 140 | ६२,३००।- | | | | | | | |
| ७. | Sotre Keepers | 2 | 0 | | 140 | ६२,३००।- | | | | | | | |
| ८. | Waiter | 0 | 4 | | 130 | ५७,८००।- | | | | | | | |

**Villa Black Moon Salon Company and Health Institute for Men**

पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/३/१२ — चलानी नं. ६०२२१६२२ — LT# 306839

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Messager (Manicure/Pedicure) | 2 | काममा दक्ष | 150 | ६७,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता २०८२ बैशाख ३ गते (16 April, 2025) यस प्रा. लि. को कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।**

**बैभव ओभरसिज प्रा. लि.** — श्रम ईजाजत नं.: ३७३/०५९/६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), फोन : ०१-४१०६२६४, ४१०६२६५
९८२३२५४८७७, ९७४५९४२०८७, E-mail : baibhav.ovs@gmail.com

## UAE मा रोजगार

कम्पनी: MMH SECURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/२८ — चलानी नं.: ६०२३५८२४ — LT. No.: 321388 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Cleaner/Ordinary Labour/Carpet Cleaner/Dry Cleaner | 17 | 0 | | 800 | २९,८४८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Raj Group Of Company Pvt. Ltd.** — RAJ GROUP OF COMPANIES — License No.:1245/074/075
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com


## Paribartan Rural Municipality
## Office of the Rural Municipal Executive

**Putalachaur-5, Rolpa**

### Invitation for Bids

**Date of publication: April 9, 2025 (2081/12/27)**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Facade Class Cleaner | 49 | 0 | स. काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BIRD SKY H.R. PVT.LTD** श्रम इजाजत नं. १६०५/०७९/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोन: +977-1-5913815, 5913915, 9709139539
E-mail: info@birdskyhr.com.np, Website: www.birdskyhr.com.np

## कतारमा रोजगार

कम्पनी : WORLD NETWORK TREADING & CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८१/०७/२७ चलानी नं.: ६०२२७८८८ LT. No.: 313468 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason (Nepal) | 2 | 0 | | 1200 | ४५,१०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.** श्रम ईजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ०१ - ४५८८१३६| 9851023534, Email- bluemoonoverseas312@gmail.com

## साउदीमा रोजगार

कम्पनी: TALAT ZIAD OBAID AL SHAMMARI RESTAURANT FOR SERVING MEALS शहर: HAIL
पूर्व स्वीकृत मिति: २०८१/१२/२६ चलानी नं.: ६०२३५८२३ LT. No.: 321685

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.** C.D. HR Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Contact no 9808793080, 9704541905, 9818272436, 9761746298

## साउदीमा रोजगार

कम्पनी: AL REEM RESTAURANT IS THE FIRST TO PROVIDE MEALS शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/१२/२५ चलानी नं.: ६०२३५७९८ LT. No.: 321677

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**डाइनामिक ग्लोबल एच. आर. प्रा.लि** (श्रम इजाजत नं. ७३१/०६४/०६५)
DYNAMIC GLOBAL HR PVT. LTD.
टोखा-०५, बसुन्धरा, काठमाडौं, नेपाल, फोन: 01- 4985960, E-mail : dynamicglobalhr2014@gmail.com

## युएईमा रोजगार

कम्पनी : LIGHTTECH TECHNICAL SERVICES EST. शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/२६ चलानी नं: ६०२३५८१२ L.T. No.: 321741

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steal Fixer | 4 | 0 | | 1200 | ४४,७७२ | | | | | | | |
| 3. | Mason (Nepal) | 4 | 0 | | 1200 | ४४,७७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GENX ASSOCIATES (P) LTD.** GENERATION NEXT
Maharajgunj 04 Kathmandu Nepal.
Tel:- +977-01-5912992 | +977-01-5912993
Cell: 9801094755 | 9801094757 | 9801094757
Govt. License No. 554/062/063

## मलेसियामा रोजगार

कम्पनी: TAFADHDAL SECURITY SDN.BHD. शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८१/१२/२६ चलानी नं.: ६०२३५७९५ L.T. No.: 321695

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५२,००३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता इटहरीमा २०८२ बैशाख २ गते (15 April 2025) मा हुनेछ।**
**अन्तर्वार्ता विर्तामोडमा २०८२ बैशाख २ गते (15 April 2025) मा हुनेछ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.** श्रम इजाजत नं. ९२५/०६७/०६८
Pingalasthan-08 , Gaushala , Kathmandu. फोन: ४४७०७७८, ४४८८८७९, फ्याक्स नं: ४४६०३५८
Email: gorkhanepalservices925@gmail.com | URL: www.gorkhanepalservices.com

## मलेसियामा रोजगार

कम्पनी: NUSANTARA SECURITY SDN BHD शहर: JALAN
पूर्व स्वीकृत मिति: २०८१/१२/२६ चलानी नं.: ६०२३५८०१ L.T. No.: 321699

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 60 | 0 | स. काममा दक्ष | 1700 | ५२,००३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ३ गते (16 April 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AL NASEER OVERSEAS PVT. LTD.** Gov. Lic No. 141/055/056
Sinamangal-9, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 01-4116686,014566772,014566771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

# Mahalaxmi Municipality
# Office of the Municipal Executive

**Jitpur, Dhankuta**
**Koshi Province, Nepal**

## Invitation for Bids

**2nd Date of Publication: 2081-12-27 (2025-April-09)**

1. Mahalaxmi Municipality Jitpur, Dhankuta invites Online Sealed Quotation from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (with VAT & PS) | Bid Doc. Fee | Bid Security | Bid Security Validity | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|
| MM/DKT/SQ /02/2081/082 | Dhankuta Jilla Mahalaxmi na.pa.5 wada karyalayabata danda khet, Soti danda, rambazar,bardanda kusumbote hudai wada number 5 karyalaya jodne sadak Starronnati (2nd phase) | NRs. 16,86,538.03 | NRs. 1,000 | NRs. 37,000 | 75 Days | 2082-01-03 (2025-April-16) 13:00 PM |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents from www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding documents in the account as specified Below.

**Name of the Bank : Rastriya Banijya Bank,Jitpur branch.**
**Name of Office : Mahalaxmi Municipality Jitpur, Dhankuta.**
**Office Code No. : 801010603**
**Office Account Name : MAHALAXMI NA.PA.(GA-1-1)-AANTARIK R**
**Office Account No : 2350100301010003**
**Shirshak No. : 14229**

4. Bid security amount deposited at Name and A/C No. MAHALAXMI NA.PA.(GA-3)-Dharauti ACC 2350100303000003 on the behalf of Office of the Mahalaxmi Municipality Executive at Rastriya Banijya Bank, Jitpur branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. All the other condition of bidding process will be as per the Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 following all revision.

**Chief Administrative Officer**

# Gramthan Rural Municipality
# Office of Rural Municipal Executive

**Tetariya, Morang**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2081/12/27**

1. Gramthan Rural Municipality, Office of the Rural Municipal Executive, Tetariya, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of work as stated in table below.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | G.R/NCB/ WORKS/28-081-082 | Bibhinna Sadak kalopatre Ward no.7 (Package-2) | 51,99,904.08 | 3,000 | 1,30,000 | |

खोटाङ जिल्ला पुर्ख्यौली घर भई सिरहामा जन्मिएर नेपालगंजबाट प्रारम्भिक शिक्षा र काठमाडौंको अमृत साइन्स क्याम्पसबाट विज्ञान विषयमा उच्च शिक्षा हासिल गरेका नरेश गेलाल आगामी २९ चैतमा हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायीको अर्को पक्ष र एकीकृत वैदेशिक रोजगार संगठनबीचको तालमेलमा गठित संयुक्त व्यवसायी समूहका अध्यक्षका उम्मेदवार हुन् ।

संघको महासचिव र प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अध्यक्ष भएर परिपक्व नेतृत्व प्रदान गरिसकेका एचआर इन्टरनेसनल प्रा.लि.का संचालक गेलाल वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधान गरेर वैदेशिक रोजगार व्यवसायलाई सेवा उद्योगको हैसियतमा स्थापित गर्न प्रस्ट भिजन र बलियो टिमसहित चुनावी मैदानमा आएको र त्यही नै जित्ने मुख्य आधार भएको बताउँछन् । पदाधिकारीसहित प्यानलका सबै १७ उम्मेदवार आफ्नो क्षेत्रको जिम्मेवारी सफलतापूर्वक पूरा गर्न सक्ने अनुभवी र परिपक्व रहेका उनको भनाइ छ । प्रस्तुत छ संघको चुनावी माहोल र प्रतिस्पर्धी प्यानलबारे अध्यक्षका उम्मेदवार व्यवसायी **नरेश गेलाल**सँग मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :

# ‘प्रस्ट भिजन र बलियो टिम नै हाम्रो जित्ने आधार हो’



‘प्रस्ट भिजन र बलियो टिम नै हाम्रो जित्ने आधार हो’

■ **नरेश गेलाल**
अध्यक्ष पदका उम्मेदवार
संयुक्त व्यवसायी समूह

**यही २९ चैतमा संघको निर्वाचन हुँदै छ, तयारी कस्तो छ ?**

उम्मेदवारी दर्तापछि क्षेत्रीय भेलाहरूमा केन्द्रित छौं । मतदाता व्यवसायीका भनाइ सुनिरहेका छौं । म लामो समयदेखि वैदेशिक रोजगार क्षेत्रमा सक्रिय छु । संघ र व्यवसायीका हकहितका लागि निरन्तर लड्दै आएको छु । संघमा हुँदा होस् वा बाहिर, व्यवसायीहरूको पक्षमा मैले सधैं दृढ अडान लिएको छु । मेरो नेतृत्व तथा सबै व्यवसायीहरूको एकता र समन्वयमा आधारित प्रचारप्रसार भइरहेको छ । हामीप्रति व्यवसायीहरू आकर्षित हुनुहुन्छ ।

**वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि तपाईंका मुख्य एजेन्डा के-के छन् ?**

म प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको अध्यक्ष र संघको महासचिव भएर काम गरेकाले वैदेशिक रोजगार क्षेत्रमा रहेका सबै समस्या र त्यसको समाधानका उपायबारे गहिरो जानकारी राख्छु । वैदेशिक रोजगार व्यवसाय मुलुकको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको भए पनि यसलाई अस्तव्यस्त बनाउने षडयन्त्र भयो ।

इजाजत नवीकरणका लागि अनिवार्य गरिएको संख्या सय खारेजी, मागपत्र प्रमाणीकरणमा सहजता, लागत परिभाषित गरेर सेवा शुल्क परिमार्जन, व्यवसायी भलाइ कोष कार्यान्वयनलगायतका समस्या तत्कालै समाधान हुनुपर्छ ।

वैदेशिक रोजगार ऐन संशोधन, युरोपेली देशमा नयाँ श्रम गन्तव्यहरूको खोजी, वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई तालिम जस्ता दीर्घकालीन प्रकृतिका कामहरू गर्नुपर्ने छ ।

नेपाली दूतावासबाट अनिवार्य मागपत्र प्रमाणीकरणको प्रावधानले व्यवसायीहरू अत्यन्तै पीडित हुनुहुन्छ । मागपत्र प्रमाणीकरण नभएको अवस्थामा वैदेशिक रोजगार क्षेत्र बन्द भएर रेमिटचान्समा निर्भर देशको अर्थतन्त्र प्रभावित हुने खतरा छ ।

हाल नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वले त्यसबारे दबाब दिइरहेको छ । हामी थप दबाब दिएर मागपत्र प्रमाणीकरणको समस्या दीर्घकालीन रूपमा समाधान गर्छौं ।

यसका अतिरिक्त एकै परिवारका सदस्यले व्यवसाय गर्न नपाउने व्यवस्था जस्ता विषय पनि खारेज गर्नुपर्ने छ । हामी निर्वाचित भएपछि कुनै विलम्ब नगरी लामो समयदेखि समाधान नभएका समस्या समाधानका लागि जुट्ने छौं ।

**संघमा अति राजनीति भएकाले संघ प्रभावकारी भएन भन्ने व्यवसायीको गुनासोलाई कसरी हेर्नुभएको छ ?**

विगतको अनुभव केही तितो छ तर संघको वर्तमान कार्यसमिति संस्थागत रूपमा अघि बढ्ने विषयमा केही ऐतिहासिक मानकहरू तयार गरेर व्यवसायीहरूका अगाडि आदर्शको उदाहरणका रूपमा प्रस्तुत भएको छ ।

मैले पनि ‘नाफिया बियोन्ड पार्टी पोलिटिक्स’ अर्थात् राजनीति संघको परिधिभन्दा बाहिर भन्ने मान्यता राख्छु । म महासचिवको जिम्मेवारीमा रहँदा व्यवसायीहरूको हकहितका लागि निरन्तर लडेको व्यक्ति हुँ । समस्या समाधानका लागि ठोस योजनासहित सरकारसँग नीतिगत छलफल गर्ने अनुभवी टिम चाहिन्छ । त्यो हामीले तयार गरेका छौं ।

प्रथम उपाध्यक्षदेखि सदस्यसम्मका उम्मेदवार हेर्नुभयो भने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यवसायीका एजेन्डामा तर्क र आत्मविश्वासका साथ आँखामा आँखा जुधाएर छलफल गर्ने, विभागका समस्या तत्कालै समाधान गर्न सक्ने, परीक्षणमा खरो प्रमाणित भएका व्यवसायी उम्मेदवार हुनुहुन्छ ।

त्यसैले, अब राजनीति होइन, संघ नेपालका सन्दर्भमा इज्जतका साथ सबैले नाम लिने पूर्ण रूपमा व्यावसायिक संस्था बन्ने छ । नयाँ तथा पुराना सबै व्यवसायीले आफ्ना समस्या राख्ने र समाधान खोज्ने प्रभावकारी संस्थाका रूपमा संघलाई पाउनु हुने छ ।

**आमव्यवसायी भने चुनावी मैदानमा आएका प्यानलहरू नै भित्री रूपमा व्यवसायीविरोधी सिन्डिकेटका सहयोगी छन् भने टिप्पणी गरिरहेका छन् । के भन्नुहुन्छ ?**

हाम्रो प्यानल सिन्डिकेटविरोधी प्यानल हो । अहिले मलेसियामा सम्भावित २५ वटा म्यानपावर कम्पनीलाई मात्र काम गर्न दिने र अन्यत्र पनि सिन्डिकेट लाग्ने भनेर व्यवसायीलाई गुमराहमा राख्ने प्रयास भएको छ ।

म आफ्नो स्वच्छ छवि कुनै पनि अवस्थामा धमिलो हुन दिने छैन भनेर कसम खाएको छु । उम्मेदवारी दर्ता गर्ने दिन आमाको आशीर्वाद लिन गएको थिएँ । मैले प्रण गरेको छु- मलेसियालगायत अन्य कुनै पनि नाममा आउने सिन्डिकेटमा संलग्न हुने छैन ।

व्यवसायीविरोधी सिन्डिकेटमा सहभागी हुनु आमाको रगत खानु सरह हो भन्ने मेरो मान्यता छ । फटाहा कुरा र जालीझेली कुरामा नलाग्न र विश्वास नगर्न पनि मेरो व्यवसायीज्यूहरूसँग आग्रह छ ।

विगतमा सिन्डिकेट लगाउन मतियारका रूपमा काम गरेका केही खलपात्र, जो व्यवसायी पनि होइनन्, उनीहरू चुनावी कार्यक्रममा अतिथिका रूपमा विराजमान गराइएका कारण व्यवसायीका मनमा चिसो पसेको छ, शंका उब्जिएको छ ।

त्यस्ता अनुहार देखेर व्यवसायी त्रसित हुनुभएको होला तर हामी ती सिन्डिकेटधारीका दिवास्वप्न पूरा हुन दिने छैनौं । समय बदलिएको छ ।

**चुनावी प्रतिस्पर्धामा अर्को प्यानल पनि तपाईंहरू जस्तै गठबन्धन गरेर आइरहेको छ । कसरी हेरिरहनुभएको छ ?**

मेरो नेतृत्वमा बनेको टिम व्यवसायीहरूको हकहितका लागि प्रतिबद्ध छ । हामी हाम्रा एजेन्डा, प्रतिबद्धतापत्र र घोषणापत्रसहित आएका छौं । म प्रतिस्पर्धी साथीहरूलाई व्यक्तिगत रूपमा विरोध गरेर चुनाव जित्न पनि चाहन्नँ । उम्मेदवार र टिमको भिजन, कार्यक्रम र योजनाका आधारमा व्यवसायी मित्रहरूले सही मूल्यांकन गर्नुपर्छ ।

विगतमा हामी ५५ जना व्यवसायी युरोपेली मुलुकको श्रम बजारका बारेमा अध्ययन भ्रमणमा गयौं । कतिपयले घुम्न गए भनेर पनि टिप्पणी गर्नुभयो । तर, त्यसैको परिणाम हाल १५० बढी व्यवसायीले ५० हजार बढी कामदार पठाउन सक्ने वातावरण बनेको छ ।

सहज रूपमा मागपत्र प्रमाणीकरण हुने हो भने अझै ठूलो संख्यामा नेपाली युवा-युवतीले आकर्षक तलबको रोजगारी पाउने अवस्था छ । हामी क्षेत्रीय, भेगीय वा जातीय कुरामा व्यवसायीहरूलाई भावनात्मक र क्षणिक कुरा गरेर होइन, कूटनीतिक तहमा समन्वय गर्न सक्ने, नीति निर्माण तहमा प्रभावकारी रूपमा कुरा उठाउन सक्ने टिम लिएर आएका छौं ।

मन्त्री, सचिव, मुख्य सचिव आवश्यक परे प्रधानमन्त्रीसम्मलाई भेटेर छलफल गर्ने, तथ्य-तथ्यांक जस्ता पक्ष समेटेर उहाँहरूलाई हाम्रा एजेन्डामा सहमत गराएर कानुनी र नीतिगत परिवर्तन गराउनुपर्ने छ ।

वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व के हो ? कस्तो हुनुपर्छ भनेर निर्णय गर्ने जिम्मेवारी व्यवसायी मित्रहरूको हो । म आफूलाई पूर्ण सक्षम देख्छु र मलाई समर्थन गर्न अपिल गर्दछु ।

# ‘संख्या सय समाधान, सेवा शुल्क परिमार्जन र सिन्डिकेड अन्त्य हाम्रो प्रतिबद्धता’

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी २९ चैतमा हुने निर्वाचनका लागि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा गठित संयुक्त व्यवसायी समूहको प्रथम उपाध्यक्षका उम्मेदवार हुन् नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल । यस समूहको अध्यक्षमा संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक भुवनसिंह गुरुङले उम्मेदावरी दिएका छन् । प्रस्तुत छ संघको चुनावी माहोलबारे प्रथम उपाध्यक्षका उम्मेदवार व्यवसायी **नरेन्द्रप्रसाद ढकाल**सँग मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :

एसोसिएसनको आधिकारिक प्यानलको नेतृत्व हामीले गरेका छौं । व्यवसायीका समस्या पहिचान र समाधानका लागि हामी अनुभवी र जानकार छौं

■ **नरेन्द्रप्रसाद ढकाल**
प्रथम उपाध्यक्षका उम्मेदवार
भुवनसिंह गुरुङ प्यानल



**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रथम उपाध्यक्षको उम्मेदवार हुनुहुन्छ । तपाईंका एजेन्डा के-के छन् ?**

नेपाली अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको वैदेशिक रोजगार क्षेत्रलाई नीतिगत तथा व्यावहारिक दुवै दृष्टिकोणले पारदर्शिताका आधारमा अगाडि बढाउनुपर्छ भन्ने मान्यतामा म नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका तर्फबाट प्रथम उपाध्यक्षमा उम्मेदवार बनेको छु ।

श्रम बजारमा वार्षिक रूपमा आउने करिब ५ लाख युवा-युवतीलाई आन्तरिक रूपमा पर्याप्त रोजगारीको अवसर सिर्जना हुन सकिरहेको छैन । वैदेशिक रोजगार ऐन, कानुनका व्यवसायीविरोधी प्रावधान हटाउँदै विश्व श्रम बजारमा सिर्जना भएका रोजगारीका अवसर नेपाली बेरोजगार युवा-युवती समक्ष ल्याउन नीतिगत र व्यावहारिक समस्याहरूको समाधान गर्न मैले काम गर्ने छु ।

**वैदेशिक रोजगार क्षेत्रमा हाल रहेका मुख्य समस्या के-के हुन् ?**

वैदेशिक रोजगारका क्षेत्रमा सरकारले नियन्त्रणमुखी, अपारदर्शी र अव्यावहारिक निर्णय लादेको छ । फ्रि भिसा, फ्रि टिकटको अत्यन्तै अव्यावहारिक निर्णय लागू गरियो । तर, व्यवसायीले पाउने सेवा शुल्क परिमार्जन भएन । अनावश्यक रूपमा बढाइएको इजाजतपत्रको धरौटी तथा बैंक ग्यारेन्टीले गम्भीर खालका नकारात्मक असर पारेको छ ।

इजाजतपत्र नवीकरण गर्दा वार्षिक सय जना कामदार अनिवार्य रूपमा विदेश पठाउनुपर्ने बाध्यता छ । वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति दिइँदैन ।

नेपाली श्रमिकहरूका लागि आकर्षक मानिएका युरोपेली गन्तव्य मुलुकहरूको मागपत्र प्रमाणीकरणमा कूटनीतिक नियोगहरूमा चरम उदासीनता हुँदा सरकारले राजस्व लिएका हजारौं फाइलको काम अड्किँदा आमव्यवसायी निराश छन् ।

व्यवसायीहरूले वैदेशिक रोजगारका क्षेत्रसँग सम्बन्धित अभिमुखीकरण तालिम तथा अन्य व्यवसाय संचालन गर्न नपाउनेगरी अनुचित प्रतिबन्ध लगाइएको छ । त्यस्तै, वैदेशिक रोजगार विभागले परीक्षणका नाममा लागू गरेको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा रहेका झन्झटको सुधार जस्ता अनगिन्ती समस्याभित्र वैदेशिक रोजगार जकडिएको छ ।

यी समस्या समाधान नगरेसम्म वैदेशिक रोजगार अघि बढ्न सक्दैन । समस्या थाँती राखेर कामदारहरू पनि सुरक्षित हुँदैनन् । ऐन र नियमावली तथा सेवा शुल्क परिमार्जनमा नै मेरो जोड रहने छ । सय संख्या समाधान, सेवा शुल्क परिमार्जन र सिन्डिकेट अन्त्य हाम्रो साझा प्रतिबद्धता हो ।

**वैदेशिक रोजगारमा हाल रहेका केही समस्या तपाईंहरूले समर्थन गर्ने नेपाली कांग्रेसका नेताहरू मन्त्री हुँदा सिर्जना भएका समस्या छन् । ती समस्यालाई कसरी हेर्नुभएको छ ?**

नेपाली कांग्रेस वा नेकपा एमाले आबद्ध नेताहरू मन्त्री हुँदा भएका निर्णयले समस्या सिर्जना भएको भए पनि त्यो समग्र राज्य संयन्त्रको वैदेशिक रोजगार क्षेत्रलाई हेर्ने दृष्टिकोणले उत्पन्न गरेको परिवेश हो । त्यसमा मन्त्रीलाई व्यक्तिगत रूपमा जिम्मेवार ठहऱ्याउनु भन्दा पनि वैदेशिक रोजगार प्रशासनमा रहेको अपरिपक्वता र पूर्वाग्रहका कारणले व्यवसायविरोधी नीति बनिरहेका छन् भनेर आमव्यवसायीले बुझ्नुपर्छ ।

**लामो समयसम्म समाधान नभएका यी समस्याको समाधान कसरी निकाल्नुहुन्छ ?**

म विगत २ दशकदेखि यस व्यवसायमा रहेको र नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको कुशलतापूर्वक नेतृत्व गरेका कारणले निःस्वार्थ रूपमा काम गर्दा समस्याको समाधान गर्न सकिन्छ ।

विगतमा विभिन्न जिम्मेवारीमा रहँदा व्यवसायीले औंला उठाउने एउटा पनि कमजोरी गरेको छैन । तत्काल समाधान हुनुपर्ने वैदेशिक रोजगारीमा जाने कामदारको लागत परिभाषित गरेर सेवा शुल्कको तार्किक निष्कर्ष पुऱ्याउने काममा कुनै विलम्ब नगरी समाधान गर्न पहल गर्ने छु ।

**नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनमा आबद्ध व्यवसायी फरक-फरक प्यानलबाट प्रतिस्पर्धा गरिरहनुभएको छ, कस्तो लागिरहेको छ ?**

एसोसिएसनको आधिकारिक प्यानलको नेतृत्व हामीले गरेका छौं । व्यवसायीका समस्या पहिचान र समाधानका लागि हामी अनुभवी र जानकार छौं । एसोसिएसनमा लामो समय क्रियाशील केही व्यवसायी लहलहैमा लागेर अन्यत्र उम्मेदवार बन्नुभयो ।

वैदेशिक रोजगार क्षेत्रमा एसोसिएसनले सशक्तता यथावत् कायम गरिरहेको देखाएको छ । सुरुमा केही अलमल भएर यताउता लागे पनि यस पटकको निर्वाचनमा प्रजातान्त्रिक प्रणालीमा विश्वास गर्ने व्यवसायीले आधिकारिक उम्मेदवारका पक्षमा मतदान गर्नुहुने छ ।

म व्यवसायीहरूको समस्या समाधानका लागि इमान्दार प्रयास गर्न उम्मेदवार बनेकाले जुनसुकै आस्था र विचार बोक्ने तथा तटस्थ विचारमा रहेका व्यवसायीज्यूहरूलाई व्यावसायिक निष्ठा हेरेर मतदान गर्न आग्रह गर्दछु ।

# ‘सिन्डिकेटलाई परास्त गर्ने हाम्रो अठोट छ’

आगामी २९ चैतमा हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायीको अर्को पक्ष र एकीकृत वैदेशिक रोजगार संगठनबीचको तालमेलमा गठित संयुक्त व्यवसायी समूहबाट प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रा. लि.का संचालक संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठ उम्मेदवार छन् । श्रेष्ठ इजाजत नवीकरणका लागि अनिवार्य गरिएको संख्या सय, मागपत्र प्रमाणीकरण, लागत परिभाषित गरेर सेवा शुल्क निर्धारण वैदेशिक रोजगार ऐन संशोधनलगायतका समस्या समाधान गर्न आफ्नो उम्मेदवारी रहेको बताउँछन् । प्रस्तुत छ संघको चुनावी माहोलबारे प्रथम उपाध्यक्षका उम्मेदवार व्यवसायी **सुजितकुमार श्रेष्ठ**सँग मध्यान्हले गरेको कुराकानीको सम्पादित अंश :

हामी जिम्मेवारीमा आएपछि हप्ता-दश दिनको अवधिमा मागपत्र प्रमाणीकरण समस्याको दीर्घकालीन समाधान गर्छौं

■ **सुजितकुमार श्रेष्ठ**
प्रथम उपाध्यक्ष उम्मेदवार
नरेश गेलाल प्यानल



**आगामी २९ चैतमा हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा प्रथम उपाध्यक्षको उम्मेदवार हुनुहुन्छ । पूर्वमहासचिवको हैसियतले तपाईंले अगाडि सारेका एजेन्डामा व्यवसायीको कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**

इजाजत नवीकरणका लागि अनिवार्य गरिएको संख्या सय समस्या, मागपत्र प्रमाणीकरण, लागत परिभाषित गरेर सेवा शुल्क निर्धारण, वैदेशिक रोजगार ऐन संशोधन, युरोपेली देशमा नयाँ श्रम गन्तव्यहरूको खोजी, वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई तालिम जस्ता विषय प्रमुख एजेन्डाका रूपमा अगाडि सारेका छौं । त्यसमध्ये संख्या सयको समस्या र मागपत्र प्रमाणीकरणको विषयमा व्यवसायीहरूको गम्भीर चासो छ । व्यवसायीले उठाउनुभएका समस्या छिटोभन्दा छिटो समाधान गरेर व्यवसायीले ढुक्कसँग व्यवसाय गर्ने अवस्था कायम गर्नुपर्नेमा सबैभन्दा बढी जोड दिइन्छ ।

**तपाईंले विगतमा के त्यस्ता काम गर्नुभयो, जसका कारण व्यवसायीले तपाईंलाई मत दिनुपर्छ ?**

मत दिने/नदिने व्यवसायीज्यूहरूको ब्रह्मले निर्णय गर्ने विषय हो । सबैले आफ्नो क्षमताअनुसार समान रूपमा व्यवसाय गर्ने वातावरण बन्नुपर्छ भन्ने मान्यता बोक्ने व्यवसायी हुँ । महासचिवको जिम्मेवारी वा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको जिम्मेवारी सबै अवस्थामा म व्यवसायीका एजेन्डामा आफूलाई व्यक्तिगत रूपमा के हुन्छ भनेर प्रवाह नगरी बोल्ने व्यक्ति हुँ ।

अनुभव र उमेरका आधारमा पनि थप परिपक्व भएको छु । विगतमा सन् २००९ मा साइप्रस, सोही वर्ष पोल्यान्ड, सन् २०१० मा पोल्यान्ड, सन् २०११ मा पोर्चुगल, सन् २०१३ मा स्विडेन र बेलायतको नर्सिङ क्षेत्र र सन् २०१९ मा सर्बियाको रोजगारी खुलाउन मैले जे भूमिका खेलें, त्यो आमव्यवसायीज्यूहरूका माझमा ताजै छ ।

सन् २००३ देखि सन् २०११ सम्म नेपाल इजरायल फ्रेन्डसिप सोसाइटीको महासचिवको जिम्मेवारीमा सफलतापूर्वक काम गरें । व्यवसायी भलाइ कोषको कार्यविधि बनाउनेलगायतका काममा योगदान दिएको छु । आमव्यवसायीले सही मूल्यांकन गरेर म र नरेश गेलालको संयुक्त व्यवसायी प्यानललाई मतदान गरेमा कुनै पछुतो गर्नुपर्ने छैन ।

**संख्या सयको समस्या समाधानकै लागि भन्दै यहाँले पनि हस्ताक्षर गरेर नै गत फागुनमा बोलाएको साधारणसभा र निर्वाचनको कार्यक्रम रोकाउनुभएको हो । त्यसमा के काम भयो ?**

नवीकरणको समय सकिन अझै ३ महिना बाँकी छ । सरकारले नै इजाजत नवीकरणका लागि बाध्यकारी सय संख्या हटाउन सैद्धान्तिक सहमति जनाई निर्णय नै गरेर विधेयक संसद्मा टेबुल भएको छ ।

उक्त विधेयक पारित गर्ने समयमा नेपाल विद्युत् प्राधिकरणको प्रमुख हटाउने सरकारको निर्णय पछि हिउँदे अधिवेशनको अन्तिमतिर संसद् असहज अवस्थामा पुग्यो । अब संसद्को बजेट अधिवेशन प्रारम्भ भएपछि संख्या सय हटाउने विधेयक निर्णयार्थ पेस हुने पहिलो प्राथमिकतामा रहेको जानकारी पाएका छौं ।

संसद्को बजेट अधिवेशनको सुरुमा नै उक्त विधेयक पारित भएपछि वार्षिक सय कामदार पठाउन नपाउनुभएका म्यानपावर व्यवसायीको सहज वातावरणमा इजाजत नवीकरण गर्ने अवस्था छ । त्यसैले, इजाजत नवीकरणको विषयमा व्यवसायीज्यूहरू चिन्तित भइरहनुपर्दैन । सबै म्यानपावर कम्पनीको इजाजत नवीकरण हुनुपर्छ, यो हाम्रो व्यवसाय गर्न पाउने संवैधानिक अधिकार पनि हो ।

**युरोपेली मुलुकको मागपत्र प्रमाणीकरणको समस्या विगत २ वर्षदेखि अवरुद्ध भएको अवस्था छ । खाडी मुलकहरूमा पनि मागपत्र प्रमाणीकरणमा चलखेल र पक्षपात भएकाले इमान्दार व्यवसायीले पेसा गर्ने अवस्था नरहेको धेरैको गुनासो छ । समस्याको कसरी समाधान गर्नुहुन्छ ?**

नेपाली दूतावासबाट अनिवार्य मागपत्र प्रमाणीकरणको प्रावधानले व्यवसायीहरू अत्यन्तै पीडित हुनुहुन्छ । यस विषयमा हामीले संघको वर्तमान कार्यसमितिबाट अपडेट लिएर हाम्रो प्यानलमा पनि गम्भीरताका साथ छलफल गरेका छौं ।

मागपत्र दूतावासका कर्मचारीको निगाहको विषय होइन । यो बेरोजगार युवा-युवतीको रोजगारी र मुलुकको अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको विषय हो । मागपत्र प्रमाणीकरण नभएको अवस्थामा वैदेशिक रोजगार क्षेत्र बन्द भएर रेमिटचान्समा निर्भर देशको अर्थतन्त्र प्रभावित हुने खतरा छ ।

हाल नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वले त्यसबारेमा परराष्ट्र मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई दबाब दिइरहेको छ । हामी जिम्मेवारीमा आएपछि हप्ता-दश दिनको अवधिमा मागपत्र प्रमाणीकरण समस्याको दीर्घकालीन समाधान गर्छौं ।

**सिन्डिकेट लाग्ने/लगाउने प्रपञ्च भएको भनेर व्यवसायी त्रसित छन् । तपाईंको भनाइ के छ ?**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष हंशराज वाग्लेको समयमा मलेसियाको बेष्टिनेटमार्फत स्वास्थ्य परीक्षणमा सिन्डिकेट लगाउने प्रपञ्च सफल भएको हो । केही समय पहिले उहाँ अब म आजीवन वैदेशिक रोजगारमा फर्किन्नँ भनेर छाड्नुभयो । त्यसपछि नेपालमा जे पनि गर्न सकिन्छ भनेर माफियाहरूको आत्मबल बढ्यो ।

कतिपय सरकारी कर्मचारी माफियाका मतियार बने । नेपालमा सिन्डिकेट लगाउन भूमिका खेल्ने व्यक्तिलाई व्यवसायीहरूले दण्डित गर्नुपर्ने हो तर अहिले संघको चुनावमा हिजो सिन्डिकेटबाट पीडित भएका व्यवसायीले जसरी पनि चुनाव जित्ने गलत आकांक्षाले ती गलत तत्वलाई रातो कार्पेट ओछ्याएर स्वागत गर्ने, मञ्चमा विराजमान गराउने, उनकै अघिपछि गर्ने गरेको दृश्यले धेरैलाई आश्चर्यचकित बनाएको छ । सिन्डिकेटको त्रास त्यसैले उत्पन्न गरेको हो । तर, अहिले समय र व्यवसायी दुवै बदलिएका छन् । उनीहरूको दुःस्वप्न पूरा हुन दिँदैनौं ।

हामी पनि यहीँ छौं, यो कुरा सिन्डिकेटको सपना देख्नेहरूले हेक्का राखुन् । विगतमा पनि सहयोगी संस्थाका नाममा जापान, गाम्कामार्फत यूएई भिसा सेन्टरको सिन्डिकेट लगाउने प्रयास भएको हो । व्यवसायीको एकताका कारणले परास्त भएका हुन् ।

संघको कार्यसमितिको आगामी निर्वाचनअघि सम्पूर्ण व्यवसायीलाई जात, वर्ण वा उठबसको आधारमा नभई संघलाई प्रभावकारी रूपमा संचालन गर्ने र व्यवसायलाई सुरक्षित गर्ने नेतृत्व छान्न मेरो विनम्र अनुरोध छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**